# विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९

## थलारा गाउँपालिका

### बझाङ

(प्रथम पटक अध्यावधिक २०८०)







**स्थानीय विपद् व्यवस्थापन समिति**

**थलारा गाँउपालिका**

**गाँउ कार्यपालिकाको कार्यालय, खोली बझाङ्ग**

**सुदुरपश्चिम प्रदेश, नेपाल**

# थलारा गाउँपालिकाको

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

## Disaster Preparedness and Response Plan

थलारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोली, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

थलारा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

बझाङ्ग जिल्ला, सुदूरपश्चिम प्रदेश, नेपाल

२०८० जेठ

अद्यावधिक २०८० चैत्र

**थलारा गाउँपालिकाको**

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

Disaster Preparedness and Response Plan




**दस्तावेज:** थलारा गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९/८०

**तयारी एवं सर्वाधिकार**: स्थानीय विपद् व्यवस्थापन समिति, थलारा गाउँपालिका, बझाङ्ग

**आर्थिक सहयोग**: युनाइटेड मिसन टु नेपाल

**समन्वयः** प्रगतिशील युवा समाज, बझाङ्ग

**प्राविधिक सहयोगः** इन्भाइरोमेन्ट एण्ड इन्जिनियरिङ रिसर्च सेन्टर, काठमाण्डौ

### गुणस्तर र उत्तरदायित्वहरूसँग सम्बन्धित आधारभूत मानवीय मापदण्डहरू



# थलारा गाँउपालिका
## बझाङ्ग
### सुदुरपश्चिम प्रदेश, नेपाल ।

प.सं. :-

मिति :- २०८०/१२/२२



## शुभकामना मन्तव्य

स्थानीय विपद् जोखिम योजना निर्देशिकालाई मार्गदर्शकको रुपमा लिई एक स्थानीय विपद् जोखिम व्यवस्थापन समिति निर्माणका साथै योजना तर्जुमा गोष्ठीको आयोजना गरी समुन्नत, विपद् उत्थानशील समाज निमार्णका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७६) लाई आत्मसात गर्दै विपद् बाट हुनसक्ने क्षतिलाई कम तथा विपद् पछिको मानवीय सहयोगलाई व्यवस्थित एवं प्रभावकारी बनाउन पूर्वतयारी दस्तावेजका रुपमा यो स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० मा अद्यावधिक गरी तयार पारिएको छ । नेपाल सरकारबाट स्वीकृत "विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७४ ,स्थानिय सरकार संचालन ऐन २०७४ "विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०७५"मा व्यवस्था भएबमोजिम विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा पूर्वतयारी तथा जोखिम न्यूनीकरण कार्यलाई विशेष महत्व दिइएको छ । नेपाल सरकारले जारी गरेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तजुर्मा मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७६) अनुसार थलारा गाँउपालिका ले पनि स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना व्यवस्थापन गर्न र विकासका हरेक नीति निमार्ण तथा योजनासंग मुलप्रवाहीकरण गरी विपद् उत्थानशिल समाजको निमार्ण गर्ने हेतुले यो प्रयास गरेको छ ।

यो योजनामा मुख्यतः विपद्को घटना हुनु अगावै गरिने पूर्वतयारी कार्य, विपद्को समयमा गरिने आपतकालिन कार्य र विपद् पश्चात गरिने खोज, उद्धार, स्वास्थ्य उपचार, राहात को कार्यमा केन्द्रित रहेको छ । विपद्को समयमा को विकास तथा मानवीय सहायतामा संलग्न सवै निकायहरु यसै योजना अनुरुप परिचालित भई पुर्वतयारी तथा प्रतिकार्यका कामहरु अझ प्रभावकारी हुनेछन् भन्ने विश्वास लिइएको छ ।

अन्त्यमा पालिकाको विपद पूर्बतयारी तथा प्रतिकार्य योजना निर्माण गर्न आबश्यक सहयोग गर्ने युनाइटेड मिसन टु नेपाद बझाङ्ग कलष्टर, प्रगतिशिल युवा समाज बझाङ्ग र अन्य सबै प्रति हार्दिक धन्यबाद दिदै यसको सफल कार्यान्वयनका लागी सम्बद्ध सबै पक्षमा रचनात्मक सहयोगको अपेक्षा गरेको छु । धन्यबाद ।

....................

प्रकाश बहादुर रोकाय
अध्यक्ष
थलारा गाँउपालिका, बझाङ्ग

थलारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोली, बझाङ्ग
सुदुरपश्चिम प्रदेश, नेपाल

# थलारा गाँउपालिका
## बभ्काङ्ग
**सुदुरपश्चिम प्रदेश, नेपाल ।**

प.सं. :- मिति :- २०८०/१२/२२



## मन्तव्य

प्राकृतिक विपदलाई रोक्न नसकेता पनि सचेतना तथा सामुहिक प्रयास र पूर्वतयारी गर्दा विपद्वाट हुन सक्ने क्षतिलाई कम गर्न सकिन्छ भन्ने मान्यता अनुरुप विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्ने सन्दर्भमा सरोकारवालाहरु वीच विभिन्न चरणमा छलफल गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तजुर्मा मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७६) लाई आत्मसात गर्दै विपद् बाट हुनसक्ने क्षतिलाई कम गर्न यो स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० अद्यावधिक गरि तयार पारिएको छ। प्राकृतिक दृष्टिले जोखिममा रहेको जिल्ला हो बभ्काङ्ग जिल्ला। यस जिल्ला अन्तरगत रहेका स्थानिय निकायहरु मध्ये थलारा गाँउपालिका ले विशेष गरी पहिरो, बाढी, आगलागी, महामारी खडेरी, भुकम्प जस्ता प्रकोपको सामाना गर्नु परिरहेको छ। जलवायु परिवर्तन, बाढी, भुक्षय, आगलागी महामारी जस्ता कारणले यस पालिका पनि उच्च जोखिममा रहेको छ। यस योजनाले विपद् पूर्व, विपद्का समयमा र विपद् पश्चात गर्नुपर्ने महत्वपुर्ण कामलाई दिशा निर्देश गर्न र विपद् वाट हुन सक्ने धनजनको क्षतिलाई कम गर्न सवै सरोकारवालाहरुलाई मद्धत गर्नेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा यस पालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८०मा अद्यावधिक गर्न महत्वपुर्ण योगदान गर्ने पदाधिकारी ज्युहरु सवैमा हार्दिक धन्यवाद दिन चाहान्छु। योजनालाई तयार गर्नका लागी संलग्न सवै पक्षलाई धन्यवाद दिदै आर्थिक तथा प्राविधिक सहयोगका साथ प्रकाशन गर्ने जिम्मेवारी कुशलता पूर्वक पुरा गरेकोमा युनाइटेड मिसन टु नेपाद बभ्काङ्ग कलष्टर, प्रगतिशिल युवा समाज बभ्काङ्ग लाई विशेष धन्यवाद दिन चाहान्छु।

थलारा गाउँपालिकाको कार्यालय खोली, बभ्काङ्ग सुदुरपश्चिम प्रदेश, नेपाल

..................
(राम बहादुर खाती )
उपाध्यक्ष
थलारा गाँउपालिका

# थलारा गाँउपालिका
## बझाङ्ग
**सुदुरपश्चिम प्रदेश, नेपाल ।**

प.सं. :-                                                                 मिति :- २०८०/१२/२२
च.नं.:-



## मन्तव्य

नेपाल सरकारले जारी गरेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तजुर्मा मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७६) अनुसार यस गाँउपालिकामा पनि स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ। वद्लिदो मौसमसँगै हरेक वर्ष विभिन्न प्रकारका विपद्का घटनाका कारण यस जिल्ला सामाजिक, आर्थिक तथा सांगठनिक रुपमा प्रभावित भईरहेको छ । तसर्थ साधन र श्रोतको कमी हुँदा हुँदै पनि यस जिल्लामा भईरहेका प्रकोपका घटना र त्यसवाट हुने तत्कालिन क्षतिलाई कम गर्न योजनावद्ध रुपमा नेपाल सरकार "विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, "विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०७५" मा व्यवस्था भएबमोजिम विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा पूर्वतयारी तथा जोखिम न्यूनीकरण कार्यलाई विशेष महत्व दिइएको छ। सुदुरपश्चिम प्रदेश अन्तरगत बझाङ्ग जिल्ला र विशेष गरी थलारा गाँउपालिका पहिरो, चट्याङ्ग, भुकम्प, आगलागी र महामारी जस्ता विपद्वाट प्रभावित भईरहेको स्थानीय तह हो। विगतमा भईरहने विपद्का घटनाका आधारमा विषयगत क्षेत्रहरुको समेत पहिचान गरी सरकारी कार्यालय, गैर सरकारी संघसंस्थाहरु, राजनैतिक दलहरु, सञ्चार माध्यम, नागरिक समाज तथा सरोकारवाला निकायको भुमिकाहरुलाई यस योजनामा पहिचान गरिएको छ। यो योजना मुख्यतया विपद्को घटना हुनु अगावै गरिने पूर्वतयारी कार्य र विपद्को समयमा गरिने आपतकालिन प्रतिकार्यमा मात्र केन्द्रित नरही विपद पश्चातका क्रियाकलापहरुमा जोड दिन आबश्यक छ । विपद्को समयमा यस नगरपालिका स्थित सवै विकास तथा मानवीय सहायतामा संलग्न निकायहरु यसै योजना अनुरुप परिचालित भई पूर्वतयारी तथा प्रतिकार्यका कामहरु विगतं भन्दा अझ वढि प्रभावकारी हुनेछन भन्ने विश्वास लिएको छु।

अन्त्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० मा अद्यावधिक गरी प्रकाशन गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुने यस नगरपालिका विपद व्यवास्थापन शाखा, सम्वद्ध सवै सरोकारवाला, सहजिकरण गरी योजना तयार गर्न भूमिका खेल्नु हुने तथा आर्थिक र प्राविधिक सहयोग पुऱ्याउने युनाइटेड मिसन टु नेपाद बझाङ्ग कलष्टर, प्रगतिशिल युवा समाज बझाङ्ग लाई र यस कार्यमा संलग्न सम्वन्धित सवैमा हार्दिक धन्यवाद दिन चाहान्छु।

धन्यवाद

थलारा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बोली, बझाङ्ग सुदुरपश्चिम प्रदेश, नेपाल

.................
( सिद्धराज पण्डित )
प्रमुख प्रशासकिय अधिकृत
थलारा गाँउपालिका

विषय सूची

**परिच्छेद १: परिचय, योजनाको पृष्ठभूमि र उद्देश्य ........................................................९**

**१.१ पृष्ठभूमि ............................................................................................................९**

**१.२ योजनाको उद्देश्य .................................................................................................१०**

**१.३ योजनाको तयारी प्रकृया.........................................................................................११**

१.३.१ थलारा गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको बैठक ...................................११

१.३.२ आधारभूत अध्ययन ..........................................................................................११

१.३.३ विषयगत क्षेत्रको बैठक .......................................................................................१२

१.३.४ कार्यशाला गोष्ठी .................................................................................................१२

१.३.५ योजनाको मस्यौदा...............................................................................................१३

१.३.६ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी .............................................................१३

**१.४ योजनाका तर्जुमा एवम् कार्यान्वयनका आधारभूत मान्यता.....................................................१३**

**परिच्छेद २: गाउँपालिकाको विपद् जोखिम तथा क्षमता विश्लेषण .......................................१४**

**२.१ थलारा गाउँपालिकाको संक्षिप्त परिचय .............................................................................१४**

२.१.१ भौगोलिक तथा प्रशासनिक अवस्थिति ......................................................................१४

तालिका २.१: थलारा गाउँपालिकाको भौगोलिक एवं प्रशासनिक विवरण ..........................................१४

२.१.२ जनसङ्ख्यिक विवरण.......................................................................................१४

तालिका २.२: थलारा गाउँपालिकाको वडागत जनसंख्या सम्बन्धी विवरण.........................................१४

२.१.३ हावापानीको तथा भू-उपयोग ..................................................................................१५

**२.२ विगतका विपद्का घटना एवं क्षति विश्लेषण ..........................................................................१६**

२.२.१ ऐतिहासिक समयरेखा..........................................................................................१६

तालिका २.४: थलारा गाउँपालिकामा विगतका घटना एवं क्षतिको विवरण.......................................१६

२.२.२ गाउँपालिकाको प्रमुख प्रकोप तथा प्रकोप स्तरीकरण ..........................................................३०

**२.३ सामाजिक सङ्कटासन्नता विश्लेषण .................................................................................३०**

२.४ प्रकोप सङ्कटासन्नता तथा जोखिम विश्लेषण ........ ३१
२.५ सम्भावित प्रकोप क्षेत्र एवं विपद् जोखिम आकलन ........ ३२
२.६ गाउँपालिकाको क्षमता विश्लेषण ........ ३६
२.७ विषयगत क्षेत्रहरु तथा कार्य जिम्मेवारी ........ ३९
२.७.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार विषयगत क्षेत्र ........ ४०
२.७.२ खाद्य तथा कृषि जीविकोपार्जन विषयगत क्षेत्र ........ ४१
२.७.३ स्वास्थ्य , खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र ........ ४१
२.७.४ आपत्कालीन आश्रय तथा गैर खाद्य सामग्री एवं बन्दोबस्ती विषयगत क्षेत्र ........ ४२
२.७.५ संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र ........ ४२
२.७.६ आपत्कालीन शिक्षा विषयगत क्षेत्र ........ ४३
२.७.७ शीघ्र पुनर्लाभ विषयगत क्षेत्र ........ ४३

परिच्छेद ३: पूर्वतयारी तथा प्रतिकार्य योजना ........ ४४

३.१ सामान्य पूर्वतयारी योजना ........ ४४
३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ ५३
३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना ........ ५७

परिच्छेद चार: बन्दोबस्तीका सामग्रीको उपलब्धता तथा आवश्यकता लेखाजोखा ........ ६८

४.१ स्रोत साधनको विद्यमान उपलब्धता र आवश्यकता ........ ६८
४.२ विपद प्रतिकार्यका लागि दक्ष जनशक्ति ........ ७२
४.३ क्षमता विकास रणनीति र योजना ........ ७२

परिच्छेद पाँच : कार्यान्वयन अनुगमन तथा सिकाई योजना ........ ७४

५.१ योजना कार्यान्वयन तथा स्रोत व्यवस्थापन ........ ७४
५.२ अन्य निकायहरूसँगको समन्वय र सहकार्य ........ ७५
५.३ अनुगमन, मूल्यांकन तथा सिकाई योजना ........ ७६
५.३.१ अनुगमन तथा मूल्याङ्कन समिति ........ ७६

५.३.२ लक्ष्य र सूचकहरु ........................................................................................ ७७
५.३.३ अनुगमन, मूल्यांकन र परिमार्जन........................................................................... ७९

**सन्दर्भ सामग्रीहरु** ........................................................................................ **८०**

**अनुसूची १ : स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण** ........... **८१**

**अनुसूची २ : सरोकारवाला निकायको पहिचान तालिका**.................................................. **८२**

**अनुसूची ३ : विषयगत क्षेत्रको विवरण**........................................................................ **८२**

# परिच्छेद १: परिचय, योजनाको पृष्ठभूमि र उद्देश्य

## १.१ पृष्ठभूमि

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको मूलभूत उद्देश्य विपद्का कारणले हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य रूपमा घटाउने, कृषि उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना तथा स्वास्थ्य, संरक्षण र शिक्षा पूर्वाधार तथा सेवामा विपद्का कारणबाट हुने क्षति तथा नोक्सानी घटाउँदै तिनीहरूको उत्थानशीलता बढाएर विकासको दीगोपनालाई स्थायित्व दिनु र विकास तथा पूर्वाधार निर्माणमा गरिएको लगानीलाई सुरक्षित गर्नु हो ।

नेपाल सरकारको अधिकार बाँडफाट सम्बन्धी संवैधानिक व्यवस्था, स्थानीय सरकार संचालन ऐन, २०७४; विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ले व्यवस्था गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी स्थानीय सरकारको अधिकार तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय नीति, २०७५; विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना, २०१८-२०३० को लक्ष्य र मार्गदर्शनले निर्देश गरे अनुसार थलारा गाउँपालिकाको विपद् प्रतिकार्यलाई चुस्त दुरूस्त एवम् प्रभावकारी बनाउन र त्यसको लागि आवश्यक पूर्वतयारी गर्न जरुरी छ ।

जलवायु परिवर्तन तथा अन्य विभिन्न कारणबाट विश्व तथा नेपालमा प्रकोप जोखिमको अवस्थामा वर्षेनी बृद्धि भैरहेको छ। यस थलारा गाउँपालिका पनि पछिल्लो समयमा पहिरो, आगलागी, भूकम्प आदि लगायतका विपद्हरुबाट प्रभावित हुँदै आइरहेको छ। गाउँपालिकामा विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न, विपद्को प्रतिकार्य र पुनर्लाभिलाई गति दिन र यस कार्यमा सरोकारवालाहरु बीचको समन्वयलाई प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) र नेपाल सरकारबाट जारी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, अनुरूप यस गाउँपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरेको छ ।

यस थालारा गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पाँचवटा परिच्छेदमा तयार गरिएको छ । पहिलो परिच्छेद योजनाको पृष्ठभूमि एवं परिचयको खण्ड हो । यस खण्डमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको पृष्ठभूमि, उद्देश्य, योजना तर्जुमा प्रकृया एवं योजना निर्माण र कार्यान्वयनका आधारभूत मान्यता राखिएको छ । दोस्रो परिच्छेद गाउँपालिकाको प्रकोप, संकटासन्नता एवं विपद् जोखिम तथा क्षमता विश्लेषणको खण्ड हो । यो खण्ड गाउँपालिकाको सामान्य परिचयबाट शुरु हुन्छ । त्यसपछि विगतका विपद्का घटना र क्षतिको विश्लेषण गरिन्छ । यही विश्लेषणको आधारमा यस गाउँपालिकाको प्रमुख विपद्हरूको पहिचान र स्तरीकरण गरिएको छ । त्यसैगरी गाउँपालिकाको सामाजिक संकटासन्नता विश्लेषण गरी विपद्को उच्च जोखिममा रहेका समूहको आकलन गरिएको छ । प्रमुख प्रकोपहरूको संकटासन्नता, बारम्बारता एवं प्रभावका आधारमा जोखिम विश्लेषण गरी जोखिम स्तर निर्धारण गरिएको छ । त्यसपछि वडागत रूपमा प्रमुख प्रकोपहरूको सम्भावित प्रकोप क्षेत्र एवं विपद् जोखिम आकलन गरिएको छ । विपद्बाट प्रभावित हुनसक्ने घरधुरी तथा जनसंख्याको अधारमा विपद्को सम्भावित परिदृष्य अनुमान गरिएको छ । विपद् व्यवस्थापन सम्बन्धी स्थानीय

सरकारलाई तोकिएको काम कार्तव्य र अधिकारको आधारमा उक्त अधिकार कार्यान्वयनको लागि गाउँपालिकाको कानूनी नीतिगत एवं संस्थागत क्षमता विश्लेषण गरी वर्तमान अवस्था र आवश्यकताको लेखाजोखा पनि गरिएको छ । यस परिच्छेदको अन्त्यमा विपद् पूर्वतयारी एवं प्रतिकार्य र यस योजनाको कार्यान्वयनको लागि सात वटा विषयगत क्षेत्रको गठन र कार्य जिम्मेवारी समेटिएको छ ।

परिच्छेद तीन विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्य योजनाको खण्ड हो । यसमा सातवटै विषयगत क्षेत्रको सामान्य पूर्वतयारी तथा पूर्वानुमानमा आधारित पूर्वतयारी कार्ययोजनाका गतिविधिहरू राखिएको छ भने सातवटै विषयगत क्षेत्रको प्रतिकार्य योजना (कार्यविधि) पनि समेटिएको छ । यसैगरी परिच्छेद चारमा विपद् प्रतिकार्यका लागि बन्दोबस्तीका सामग्रीहरूको उपलब्धता र आवश्यकताको लेखाजोखा गरी क्षमता विकासको कार्ययोजना तयार गरिएको छ । परिच्छेद पाँच योजनाको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन र परिमार्जनको खण्ड हो । यसमा योजना कार्यान्वयन रणनीति, अन्य निकायहरूसँगको समन्वय र सहकार्य एवं अनुगमन तथा मूल्याङ्कन समिति र अनुगमन तथा मूल्याङ्कनका सूचकहरू राखिएको छ ।

## १.२ योजनाको उद्देश्य

विपद्को समयमा प्रभावितहरूको जीवन रक्षा, सम्पत्ति तथा जनधनको सुरक्षा र संरक्षण गरी मानवीय संकटको सामना तथा प्रभावकारी प्रतिकार्य गर्न स्थानीय स्रोत साधन र प्रविधिको उपयोग गर्दै आघातमा परेका व्यक्ति तथा समुदायलाई उचित मानवीय सहायता सुनिश्चित गर्नु र प्रकोपको रोकथाम तथा विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय तहको स्रोत साधन एवम् क्षमता वृद्धि गर्दै विपद् जोखिम व्यवस्थापन तथा प्रतिकार्य पद्धति, संरचना र प्रकृयालाई प्रभावकारी र जवाफदेहीपूर्ण ढंगले परिचालन एवम् कार्यान्वयन गरी थलारा गाउँपालिकालाई उत्थानशील तथा सुरक्षित गाउँपालिकाको रूपमा विकास गर्न मद्दत गर्नु यस योजनाको प्रमुख उद्देश्य हो भने यसका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

- क) विपद्बाट हुनसक्ने क्षति तथा नोक्सानी घटाउनु र प्रभावित हुने व्यक्ति, परिवार तथा समुदायलाई उपयुक्त मानवीय सहायता सुनिश्चित गर्नु ।
- ख) गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीका गतिविधिहरूलाई व्यवस्थित र समन्वयात्मक रूपमा कार्यान्वयन गर्नु ।
- ग) विपद् प्रतिकार्य तथा पूर्वतयारीका लागि स्थानीय साधन स्रोतको अधिकतम् परिचालन गर्नु ।
- घ) विपद् पूर्वतयारीलाई प्राथमिकताका साथ कार्यान्वयन गरी विपद् पछि उद्धार राहतका लागि गरिने खर्च घटाउनु ।
- ङ) विभिन्न सरोकारवाला निकाय तथा संस्थाहरूसँगको समन्वय र सहकार्यमा गाउँपालिकाको विपद् प्रतिकार्य पद्धति, संरचना तथा समग्र क्षमता सुदृढ गर्नु ।
- च) विषयगत क्षेत्रका आधारमा गाउँपालिकाको विपद् न्यूनीकरण तथा व्यवस्थापन क्षमता बढाउँदै क्षेत्रगत तथा नियमित विकास कार्यक्रम मार्फत विपद् जोखिम न्यूनीकरणलाई निरन्तरता दिनु ।

## १.३ योजनाको तयारी प्रकृया




थलारा गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ को पहिलो संशोधन,२०७६ले तय गरेको विधि एवं प्रक्रिया बमोजिम तर्जुमा गरिएको हो ।स्थानीय निकायको विपद् व्यवस्थापन समितिको नेतृत्व र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा संलग्न निकाय तथा विषयगत क्षेत्रको सहभागितामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नु पर्ने व्यवस्था गरेको छ । सोही व्यवस्था अनुसार यस थलारा गाउँपालिकाले सहभागितामूलक प्रक्रियाद्वारा गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियामा प्रगतिशील युवा समाजको साझेदारी तथा युनाइटेड मिसन टु नेपाल (UMN)को आर्थिक तथा प्राविधिक सहयोग रहेको थियो ।

### *१.३.१ थलारा गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको बैठक*

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक तयारीका लागि सर्वप्रथम २०८० फागुण १६ गते थलारा गाउँपालिकाको विपद् व्यवस्थापन समितिले पहिलो अभिमुखिकरण तथा तयारी बैठकको आयोजना गरेको थियो । यस तयारी बैठकले योजना तर्जुमा गर्न सातवटा विषयक्षेत्रहरुको निर्धारण गर्नुका साथै विगतका विपद्का घटना सम्बन्धी तथ्याङ्क, प्रकोप नक्सा, सङ्कटासन्नता तथा जोखिम आकलन र विपद् सम्बन्धी विद्यमान सन्दर्भ सामग्रीको समीक्षा गर्न र योजना तर्जुमा प्रक्रियामा प्राविधिक सहयोग गर्नका लागि सहयोग गरेको थियो । बैठकले स्थानीय तहमा कार्यरत सरोकारवाला र साझेदार संस्थाको पहिचान गरेको थियो । यसरी पहिचान गरिएका सरोकारवाला निकायहरूको विवरण अनुसूची २ मा समावेश गरिएको छ ।

### *१.३.२ आधारभूत अध्ययन*

स्थानीय विपद् व्यवस्थापन समितिबाट स्थानीय विपद् व्यवस्थापन सम्बन्धी मौजुदा नीति, योजनाहरू, विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्सा लगायत अन्य सान्दर्भिक सामग्रीहरुको पुनरावलोकन र समीक्षा गरी विपद् जोखिम सम्बन्धी आधारभूत अध्ययन र विश्लेषण गरिएको थियो। स्थानीय विपद् व्यवस्थापन समितिले पहिलो कार्यशाला आयोजना गर्नु अगावै आधारभूत अध्ययनको काम सुरु गरिएको थियो । योजना तर्जुमाका क्रममा देहाय बमोजिमका तथ्याङ्क, दस्तावेज, प्रकाशन र अभिलेखहरुको समेत अध्ययन तथा विश्लेषण गरिएको थियोः-

- विपद् व्यवस्थापन सम्बन्धी संघ र सुदुरपश्चिम प्रदेशको नीति, योजना, ऐन, नियम तथा निर्देशिकाहरु,

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति, २०७५ तथा सुदुरपश्चिम प्रदेशको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित दस्तावेजहरू;
- पछिल्ला वर्षमा भएका विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप, सङ्कटासन्नता तथा जोखिम आकलन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली सम्बन्धी तथ्याङ्क, दस्तावेज, र अभिलेखहरु,
- स्थानीय विपद्को इतिहास (भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी, हुरीबतास आदि),
- विपद् व्यवस्थापनको विगतको अभ्यास, अनुभव तथा सिकाई,
- जनसङ्ख्या विवरण, सडक सञ्जाल, नदी, बसोबास क्षेत्र तथा गाउँपालिकाको सीमाना देखिने नक्सा

### *१.३.३ विषयगत क्षेत्रको बैठक*

विषयगतक्षेत्र अन्तर्गत पर्ने सरोकारवाला निकायहरूको पहिचान, सामान्य पूर्वतयारी योजना, पूर्वानुमानमा आधारित पूर्वतयारी योजना, आपत्कालीन प्रतिकार्य योजनाका क्रियाकलापहरु, विषयक्षेत्रसँग सम्बन्धित स्रोतहरूको आकलन, आवश्यकताको लेखाजोखा आदि विषयहरूमा छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको आयोजनामा बैठकहरू सञ्चालन गरिएको थियो । विषयगत क्षेत्रका रूपमा योजनाको प्रस्ताव तयार गर्न विषयगत क्षेत्रहरु गठन गरिएको थियो । विषयगत क्षेत्रका समितिहरुको बैठकबाट सम्बन्धित विषयगत क्षेत्रका पूर्वतयारी तथा प्रतिकार्यका गतिविधिहरू पहिचान गरिएको थियो ।

### *१.३.४ कार्यशाला गोष्ठी*

विषयगत क्षेत्रहरुको निष्कर्ष तथा प्राप्त योजनाको प्रस्ताव उपर छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्वमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो। कार्यशाला गोष्ठी आयोजना गर्नु अघि स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बसी विषयगत क्षेत्रबाट प्राप्त निष्कर्ष तथा योजनाको प्रस्तावमा पर्याप्त छलफल र आवश्यक परिमार्जन गरिएको थियो । कार्यशालामा विषयगत क्षेत्रहरुको बैठकबाट प्रस्तावित विवरण तथा योजना उपर छलफल गरी सुझाव सङ्कलन गरिएको थियो ।

२०७९ साल चैत्र १२ गते सञ्चालित कार्यशाला गोष्ठीमा स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरू, विषयगत क्षेत्रका सदस्य संघ/संस्थाका प्रतिनिधिहरु साथै राजनैतिक दल, निजी क्षेत्रका प्रतिनिधिहरु, स्थानीय पत्रकार, सङ्कटासन्न समुदाय लगायतका सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

प्रस्तुत योजनाको अद्यावधिक कार्य गर्नको लागी २०८० फागुण १६ गते अद्यावधिक कार्यशाला गोष्ठीमा स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरू, विषयगत क्षेत्रका सदस्य संघ/संस्थाका प्रतिनिधिहरु साथै राजनैतिक दल, निजी क्षेत्रका प्रतिनिधिहरु, स्थानीय पत्रकार, सङ्कटासन्न समुदाय लगायतका सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

### *१.३.५ योजनाको मस्यौदा*

उपलब्ध नीति, कानून तथा दस्तावेजको अध्ययन तथा विश्लेषण, विषयगत क्षेत्रहरूको छलफल र द्वितीय स्रोतबाट सङ्कलन गरिएका सूचनाहरू र कार्यशाला गोष्ठीबाट प्राप्त निष्कर्ष र सुझाव समावेश गरी थलारा गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयार गरिएको थियो ।

### *१.३.६ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी*

कार्यशालाबाट प्राप्त पृष्ठपोषणका आधारमा तयार भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा स्थानीय सरोकारवालाको सुझाव लिईएको थियो । यसरी प्राप्त भएका सुझावलाई स्थानीय विपद् व्यवस्थापन समितिले पूनरावलोकन गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अन्तिम रूप दिएको छ ।

## १.४ योजनाका तर्जुमा एवम् कार्यान्वयनका आधारभूत मान्यता

क) थलारा गाउँपालिका क्षेत्रमा गरिने विपद् जोखिम न्यूनीकरण, व्यवस्थापन, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्निर्माणका सबै गतिविधिहरू गाउँपालिकाको नेतृत्वमा हुनेछन् ।

ख) विपद् प्रतिकार्य तथा पूर्वतयारी कार्यमा कहिँ कतै रिक्तता हुन नदिन र सन्तुलित कार्यान्वयनको लागि सात वटा विषयगत क्षेत्र (Cluster) को प्रवन्ध गरिएको छ । यस गाउँपालिकामा कार्यरत सबै सरोकारवाला निकायहरू तथा सङ्घ संस्थाहरूले आफ्नो कार्यक्षेत्र बमोजिम सम्बन्धित विषयगत क्षेत्रसँगको समन्वयमा प्रतिकार्य र पूर्वतयारीका गतिविधिहरूमा सहयोग गर्नेछन् ।

ग) विपद् पूर्वतयारीको काम, विपद् एवम् महामारी प्रतिकार्य तथा मानवीय सहायताका लागि गरिने सहयोग एकद्वार नीति बमोजिम गाउँपालिकाको स्वीकृत मापदण्ड र प्रक्रिया अनुसार हुनेछ ।

घ) विपद् प्रतिकार्य तथा पूर्वतयारीको काम विषयगत क्षेत्रको समन्वय तथा गाउँपालिकाको नेतृत्वमा हुनेछ र लेखाजोखा, सूचना व्यावस्थापन, श्रोत परिचालन तथा व्यवस्थापन एकिकृत पद्धति अनुरूप हुनेछ ।

ङ) समुदाय, सामाजिक संस्था तथा सरकारी निकायहरूको विपद् प्रतिकार्य क्षमता विकास गरी गाउँपालिकाको समग्र विपद् व्यवस्थापन क्षमता सुदृढ गरिनेछ ।

च) विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको काम स्थानीय सरकारको नेतृत्व तथा समन्वय, सामाजिक तथा नागरिक क्षेत्रको सहयोग र नीजि क्षेत्रसँगको साझेदारीमा हुनेछ ।

छ) विपद् पूर्वतयारी र प्रतिकार्यका गतिविधि तथा मानवीय सहायताका कार्यहरू सुशासनको मान्यता अनुरूप पारदर्शी, सहभागीतामूलक र समावेसी हुनेछन् ।

ज) विपद् पूर्वतयारी, प्रतिकार्य तथा मानवीय सहायताका गतिविधिहरू मानवता, तटस्थता, निष्पक्षता र स्वतन्त्रता जस्ता मानवीयताका मुलभूत सिद्धान्तमा र स्वीकार्य मापदण्डमा आधारित हुनेछन् ।

झ) विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा समग्र विपद् महामारी नियन्त्रण र व्यवस्थापनमा उपलब्ध स्थानीय श्रोत तथा जनशक्तिको अधिकतम प्रयोग र परिचालनको नीति लिइनेछ ।

ञ) विपद् जोखिम न्यूनीकरण व्यवस्थापन तथा पूर्वतयारीका प्राथमिकता प्राप्त कार्यहरूलाई क्षेत्रगत विकासका नियमित गतिविधिहरूसँग एकिकृत गरी विकासमा मूल प्रवाहीकरण गर्दै गाउँपालिकाको उत्थानशीलता विकासमा सहयोग पुग्नेछ ।

# परिच्छेद २: गाउँपालिकाको विपद् जोखिम तथा क्षमता विश्लेषण

## २.१ थलारा गाउँपालिकाको संक्षिप्त परिचय

बझाङ्ग जिल्लामा रहेको थलारा गाउँपालिका संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको राज्य पुन संरचनाको क्रममा साबिकका पाँच वटा गा.वि.स दंगाजी, पाराकाट्ने, कोटभैरव, कोइरालाकोट र मालुमेलालाइ समेटेर वनेको हो र यस गाउँपालिकाको केन्द्र वडा नं ८ कोइरलाकोटमा अवस्थित छ ।

### *२.१.१ भौगोलिक तथा प्रशासनिक अवस्थिति*

*तालिका २.१: थलारा गाउँपालिकाको भौगोलिक एवं प्रशासनिक विवरण*

| भौगोलिक विवरण | | प्रशासनिक विवरण | |
|---|---|---|---|
| **पूर्व** | खप्तड छान्ना गाउँपालिका र खप्तड राष्ट्रिय निकुन्ज | **प्रदेश** | सुदूरपश्चिम प्रदेश |
| **पश्चिम** | डोटी जिल्ला र केदारस्युँ गाउँपालिका | **जिल्ला** | बझाङ्ग |
| **उत्तर** | केदारस्युँ गाउँपालिका, छबिसपाथिभेरा गाउँपालिका र दुर्गाथली गाउँपालिका | **गाउँपालिका केन्द्र** | वडा नं ८, कोइरालाकोट |
| **दक्षिण** | खप्तड राष्ट्रिय निकुन्ज र डोटी जिल्ला | **वडाहरु** | ९ |
| **क्षेत्रफल** | १०५.५१ वर्ग कि.मी | **साविकका गाविसहरु** | दंगाजी, पाराकाट्ने, कोटभैरव, कोइरालाकोट र मालुमेला |

### *२.१.२ जनसङ्ख्यक विवरण*

राष्ट्रिय जनगणना २०७८ अनुसार यस थलारा गाउँपालिकाको कुल ३,४१६ घरधुरीमा जम्मा जनसंख्या १५,९५८ रहेको छ । जसमा ७,१०१ पुरुष र ८,८५७ महिलाको संख्या रहेको छ । सबैभन्दा बढी जनसङ्ख्या वडा नं २ मा रहेको छ भने सबै भन्दा कम जनसङ्ख्या वडा नं ६ मा रहेको छ । वडागत जनसङ्ख्याको विवरण तालिका नं २.२ मा दिईएको छ ।

*तालिका २.२: थलारा गाउँपालिकाको वडागत जनसंख्या सम्बन्धी विवरण*

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ७३५ | १,०६५ | ९१६ | ९१२ | ६९४ | ५५६ | ६८५ | ६५७ | ८८१ | ७,१०१ |
| महिला | ९४६ | १,३७६ | १,०९३ | १,१२८ | ८६४ | ७०९ | ८६९ | ८२५ | १,०४७ | ८,८५७ |
| **जम्मा** | **१,६८१** | **२,४४१** | **२,००९** | **२,०४०** | **१,५५८** | **१,२६५** | **१,५५४** | **१,४८२** | **१,९२८** | **१५,९५८** |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

### *२.१.३ हावापानीको तथा भू-उपयोग*

थलारा गाउँपालिका पहाडी भूभागमा अवस्थित छ। यस गाउँपालिकाको हावापानी समशितोष्ण रहेको छ ।

थलारा गाउँपालिकाको सबैभन्दा बढी क्षेत्रफल बन क्षेत्रले ओगटेको (५९.३९ प्रतिशत) देखिन्छ भने सबै भन्दा कम बाँझो क्षेत्र (०.३६ प्रतिशत) रहेको छ । यस गाउँपालिकाको भू-उपयोगको विस्तृत विवरण तलको तालिका तथा चित्र नं २ मा देखाईएको छ ।

| क्र. स. | भू-उपयोगको प्रकार | क्षेत्रफल हेक्टर | प्रतिशत |
|---|---|---|---|
| १ | वन क्षेत्र | ६२४९.३९ | ५९.३९ |
| २ | बस्ती क्षेत्र | ५१.८३ | ०.४९ |
| ३ | कृषि क्षेत्र | ४०१७.९९ | ३८.१८ |
| ४ | घाँसे जमिन | ५.८५ | ०.०६ |
| ५ | जल क्षेत्र | १६०.१२ | १.५२ |
| ६ | बाँझो जमिन क्षेत्र | ३७.४७ | ०.३६ |
| जम्मा | | १०५२२.६५ | १०० |



*चित्र २: थलारा गाउँपालिकाको भूउपयोग नक्शा*

## २.२ विगतका विपद्का घटना एवं क्षति विश्लेषण

### *२.२.१ ऐतिहासिक समयरेखा*

विपद्का दृष्टिले थलारा गाउँपालिका सम्वेदनशील रहेको छ । यस गाउँपालिकाको अधिकांस भूभागमा मुख्यगरी बर्षातको समयमा पहिरो र सेती नदीको किनारमा कटानका साथै वडाका सबै जसो खोला र खोल्सी आसपासको क्षेत्रमा पहिरो र कटानको घटना बारम्बार दोहोरिने पाइएको छ । त्यसैगरी खडेरी, आगलागी, हावाहुरी, असिना, चट्याङ जस्ता प्रकोपले बिगतमा क्षती गरेको छ । खसड राष्ट्रिय निकुन्जसंग जोडिएका बस्तिहरुमा जङ्गली जनावर ( बँदेल, बाँदर, दुम्सी आदि)ले बालीनाली नास गरि वर्षेनि दुःख दिने गरेको छ पहाडी भू-बनोट, प्रसस्त मात्रामा रहेका खोला तथा खोल्साको कटान तथा वेमौसमी वर्षा र अतिवृष्टिका कारण पहिरोकोका घटनाहरु बारम्बार घट्ने र ठूलो मात्रामा धनजनको क्षति हुने गरेको छ । विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ का कारण मानवीय, सामाजिक तथा आर्थिक जनजीवन पूर्ण रूपमा प्रभावित गरेको थियो ।

*तालिका २.४: थलारा गाउँपालिकामा विगतका घटना एवं क्षतिको विवरण*

| वडा नं. १ | | | | |
|---|---|---|---|---|
| **प्रकोप** | **मिति** | **स्थान** | **क्षतिको विवरण** | **प्रतिकार्य अभ्यास** |
| **असिना** | २०७१/०७२ | वडाभरी | असिनाका कारण | |
| **बाढी** | २०७७/७८ | रेगम | सेतीले रेगम ज्युलाको ५० रोपनी खेत बगाएको र रेगम जोड्ने सेतीकी पुल बगाएको | |
| **बाढी** | २०७८/७९ | रेगम | रेगम खोलाले १ घर बगाएको | |
| **भूकम्प** | २०७९/८० | वडाभरी | अधिकांस घर चर्केको | |
| **भूकम्प** | २०८० | वडाभरी | अधिकांस घर चर्केको | |
| **वडा नं. २** | | | | |
| **प्रकोप** | **मिति** | **स्थान** | **क्षतिको विवरण** | **प्रतिकार्य अभ्यास** |
| **हुरीबतास** | जेठ २०७९ | | खापरदेव आ.बि र करबिर आ.बि.को छानो उडाएको | |
| **पहिरो** | २०७७ पश्चात बर्षेनी | वडा भरी | १० रोपनी खेतमा क्षती | |
| **खडेरी** | २०७७ पश्चात बर्षेनी | वडा भरी | उत्पादन उल्लेख्य घटेको | |
| **भूकम्प** | कार्तिक २०७९ | वडा भरी | अधिकांस घरहरुमा क्षती | |

| | | | | |
|---|---|---|---|---|
| | | | करबिर र शारदा मा.बि.को भवन चर्केको<br>वडा कार्यालयको भवन चर्केको | |
| **हावाहुरी** | फाल्गुन २०७९ | रोडिंग्या | १ घरको छानो उडाएको | |
| **पहिरो** | कार्तिक २०७८ | बगाडा- बगाडा पहिरो | ७० मिटर बाटो क्षती<br>१ घर आंसिक क्षती | |
| **पहिरो** | कार्तिक २०७८ | सिम पहिरो | २० मिटर बाटो क्षती | |
| **पहिरो** | कार्तिक २०७८ | बेराडी- सिमल चौका पहिरो | ४ घरमा आंसिक क्षती<br>७० नाली जमिन क्षती | |
| **पहिरो** | कार्तिक २०७८ | कफलकाँडा | २ घरमा आंसिक क्षती | |
| **पहिरो** | कार्तिक २०७८ | डोर गाउँ | रानीगाडले १ भैंसी बगाएको | |
| **खडेरी** | २०७७ | वडा भरी | अन्न बाली गहुँ पूर्ण क्षती | |
| **बाढी** | जेठ २०७७ | तवापड दक्खागडा खोला | २ भैंसी बगाएको | |
| **बाढी** | जेठ २०७७ | डोप्रा | ४ बाख्रा बगाएको | |
| **पहिरो** | कार्तिक २०७८ | घुम्रीझाड | २ घरमा आंसिक क्षती<br>४० नाली जमिन क्षती | |
| **पहिरो** | कार्तिक २०७८ | करझाड | डोर गाउँ हुँदै पोखरा बाटो क्षती<br>१ घरमा आंसिक क्षती<br>२५ नाली जमिन क्षती | |
| **पहिरो** | कार्तिक २०७८ | काप्रा | ३ घरमा आंसिक क्षती<br>१० नाली जमिन क्षती | |
| **पहिरो** | कार्तिक २०७८ | टीग्री | १ घरमा आंसिक क्षती<br>१ धारा पूर्ण क्षती | |
| **पहिरो** | कार्तिक २०७८ | भनाडा-जुगाने पहिरो | १ घरमा आंसिक क्षती<br>६० मिटर बाटो पूर्ण क्षती | |
| **असिना** | चैत्र २०७७ | वडा भरी | गहुँ बाली पूर्ण क्षती | डोटीबाट बिउ ल्याएको |
| **आगलागी** | श्रावण २०७६ | दंगाजी | गोरे सार्कीको घर जलेको | |
| **चटयांग** | वैशाख २०७५ | बगाडा | ३ जना घाइते<br>८ कुखुरा मरेको<br>३ वटा मोबाइलफोन जलेको | |
| **आगलागी** | जेठ २०७४ | मथिबन | १ गोठ जलेको | |
| **पहिरो** | श्रावण २०७४ | धौलापड | २ गोठ बगाएको<br>१ भैंसी मरेको | |

| | | | | |
|---|---|---|---|---|
| **पशु रोग(खोरेत)** | चैत्र २०७३ | वडा भरी | १०० भन्दा बढी पशु मरेको | |
| **हावाहुरी** | चैत्र २०७३ | | शारदा मा.बि. र खापर आ.बि को छानो उडाएको | |
| **असिना** | चैत्र २०७२ | वडा भरी | गहुँ बाली पूर्ण क्षती | डोटीबाट बिउ ल्याएको |
| **आगलागी** | फाल्गुन २०७२ | कफलकाँडा-रजेउडा | २ भैंसी र १ पाडी जलेको<br>१ गोठ जलेको | |
| **चट्यांग** | बैशाख २०७१ | बगाडा | डम्बर खड्काको १ हल गोरु मरेको<br>रमेश खड्काको ६ वटा बाखा मरेको र सोलार सहित घरको ढोका जलेको | |
| **चट्यांग** | बैशाख २०७० | बगाडा-पार्कीटोल | २० बाखा मरेको<br>१ गाइ र १ बाच्छी मरेको | |
| **पहिरो** | २२ असोज २०६६ | काप्रा पहिरो | २ घर पूर्ण क्षती<br>८० नालीको धान बाली पूर्ण क्षती | |
| **भूकम्प** | २०८० | वडाभरी | अधिकांस घर चर्केको | |
| | | **वडा नं. ३** | | |
| **प्रकोप** | **मिति** | **स्थान** | **क्षतिको विवरण** | **प्रतिकार्य अभ्यास** |
| **प्रकोप** | मिति | स्थान | क्षतिको विवरण | प्रतिकार्य अभ्यास |
| **पहिरो** | २०७९/०४/१५ | देवलबाँझ, जुंगेढुंगा | गिठे सार्कीको मृत्यु | |
| **पहिरो** | २०७०/०४/०५ | देवलबाँज | प्रभत सार्कीको घरमा पहिरोले भैंसी,र बाख्राको मरेको | |
| **पहिरो** | २०७०/०४/०५ | देवलबाँज | गोपाल सार्कीको घरमा पहिरोले भैंसी,र बाख्राको मरेको | |
| **पहिरो** | २०७०/०४/५ | देवलबाँज | नवराज पाध्या र देवीलाल पाध्याको घर र खेतीयोग्य जमिनमा क्षती | |
| **पहिरो** | २०७८/०७/३ | देवलबाँज | गणेशराज पाध्या,हर्कराज पाध्या ,लोगराज पाध्या र इश्वर दत्त पाध्याको घर र खेतीयोग्य जमिनमा क्षती | |
| **पहिरो** | २०७८/०७/३ | देवलबाँज | नरेन्द्र सार्की र प्रेम सार्कीको घर क्षती | |
| | २०७८/०७/३ | देवलबाँज | पदम सार्की,राईभान सार्की र गगन सार्कीको खेतीयोग्य जमिन क्षती | |
| **पहिरो** | २०७८/०७/३ | देवलबाँज, जाम्बाज | रातोपानी मुहानको इन्टेक जोखिममा<br>पाल्लीगाडे खापा पाइपलाइन<br>गंडेखारेक खापा मुहान र इन्टेक | |

| | | | | |
|---|---|---|---|---|
| | | | जुगाने खापा मुहान र पाइपलाइन क्षती | |
| **पहिरो** | २०७८/०७/३ | सिमललेख | मदन बहादुर चौहानको घर पूर्ण क्षती | |
| **पहिरो** | २०७८/०७/३ | सिमललेख | सिमललेख सिंचाई कुलोको पाइप फुटेर सिंचाई बन्द | |
| **पहिरो** | २०७८/०७/३ | जाम्बाँझ टोल, गैरा | खेतीयोग्य जमिन क्षती | |
| **पहिरो** | २०७८/०७/३ | दिपिल, मडासैन | दिपिल सिंचाई कुलो, मडासैन कुलो, बुडी गाड सिंचाई र चारक्षेडी कुलोको मुहान र विभिन्न ठाउँमा क्षती | |
| **पहिरो** | २०७८/०७/३ | तलीबगर | तलीबगर कुलो पूर्ण रूपमा क्षती | |
| **पहिरो** | २०७८/०७/३ | | श्रीजिउला सिंचाईको मुहान बगाएको | |
| **पहिरो** | २०७८/०७/३ | तलिबगर खेत | भारत भण्डारी, राम भण्डारी,कृष्ण भण्डारी, जीवन भण्डारी, जगत भण्डारी, विकास बटाला र जीवन बटालाको तलि बगर खेत बगाएको | |
| **पहिरो** | २०७८/०७/३ | चाडसेडी खेत | कलाक बटालाको चाडसेडी खेत बगाएको | |
| **पहिरो** | २०७८/०७/३ | काठीखेत | बिशाल भण्डारीको काठीखेत बगाएको | |
| **पहिरो** | २०७८/०७/३ | काठीखेत | शंकर रोकाया, दल बहादुर भण्डारी र गगन रोकायाको काठीखेत बगाएको | |
| **पहिरो** | २०७८/०७/३ | रुइनझाड | बलबहादुर रोकाया, धन बहादुर भण्डारी र चन्द्र भण्डारीको खेत बगाएको | |
| **पहिरो** | २०७८/०७/३ | बुढीगाड | प्रदेशी रोकायाको बुढीगाड खेत बगाएको | |
| **पहिरो** | २०७८/०७/३ | बायल | मान बहादुर ओली र मनबिर ओलीको घर आंसिक क्षती | |
| **पहिरो** | २०७८/०७/३ | बायल | रति बहादुर ओलीको घर आंसिक क्षती | |
| **भूकम्प** | २०८० | वडाभरी | अधिकांस घर चर्केको | |
| **वडा नं. ४** | | | | |
| **प्रकोप** | **मिति** | **स्थान** | **क्षतिको विवरण** | **प्रतिकार्य अभ्यास** |
| **भूकम्प** | २२ कार्तिक २०७९ | वडा ४ भरि | सबै घर चर्किएको, १ घर पूर्ण भत्किएको | |
| **भूकम्प** | ९ पौष २०७९ | वडा ४ भरि | थप घरहरु चर्किएको | |

| | | | | |
|---|---|---|---|---|
| **पहिरो** | २१ असोज २०७९ | ठिङ तोली | १७ घर विस्थापित | |
| | २१ असोज २०७९ | ठिङ न्वाघर | १ घर पूर्ण क्षती<br>१५ घर आंसिक क्षती (विस्थापित) | |
| | २१ असोज २०७९ | ठिङ पडेस | ३ घर पूर्ण क्षती<br>८ घर आंसिक क्षती | |
| | २१ असोज २०७९ | मोयल | १ घट्ट र ३ रोपनी खेत पुरिएको | |
| | २१ असोज २०७९ | डिखला | १ कि.मि. ग्रामिण सडक भत्किएको | |
| | २१ असोज २०७९ | कापडा टोल | ५० मि.गोरेटो बाटो भत्किएको | |
| **हुरीबतास** | जेठ २०७९ | ठिङ | साझा भवनको छानो उडाएको<br>रूख ढलेर बिजुलीको तार क्षती | |
| | | डिखला | १ घरको छानो उडाएको | |
| **असिना** | जेठ २०७९ | वडा भरि | गहुँ तथा तरकारी बालीमा क्षती | |
| **बन्यजन्तु आतंक** | प्रत्येक वर्ष | निकुन्ज संग जोडिएको र वडाभरि | बालीनाली क्षती | |
| **पहिरो** | २ कार्तिक २०७८ | डिखला | २३ जनाको मृत्यु<br>५ घर पुरिएको<br>१ प्रा.बि पूर्ण क्षती<br>बिगडा खा.पामा क्षती<br>१५०० मि.पाइप क्षती<br>१६ घनमिटरको पानी टंकी क्षती<br>२ मन्दिरमा क्षती | राहत |
| **पहिरो** | २ कार्तिक २०७८ | गोत्राडी | १ घर पूर्ण क्षती<br>३ भैसी, १ गाई, ३ बाख्रा र १ बंगुर मरेको | |
| **पहिरो** | कार्तिक २०७८ | गडीगाउँ | ३ शौचालयमा क्षती<br>नागैरा खा.पा को खानेपानीटंकी क्षती<br>१ रोपनी खेत पुरिएको | |
| **पहिरो** | कार्तिक २०७९ | ठिङ | १७ घरधुरी विस्थापित (२०७५ पश्चात प्रत्येक बर्षाको ४ महिना अन्यत्र बस्ने)<br>सौडेनी खा.पा, घट्टखोला तोली खा.पा.र लिंग ठिंग पडेसखा पा.मा पूर्ण क्षती<br>१ घट्ट पूर्ण क्षती | |

| | | | | |
|---|---|---|---|---|
| **आगलागी** | २०७८ चैत्र | सबै सा.ब. मा | | |
| **बाढी** | २०७८ | मोयल | ५ घर पूर्ण क्षती<br>१ कुखुरा फारममा २०० कुखुरा मरेको ( बगाएको)<br>१ पसल बगाएको<br>सेती नदीले २४० रोपनी खेतमा क्षती गरेको<br>१ घट्ट र १ बंगुर बगाएको<br>५०० मिटर ग्रामिण सडक भत्किएको | |
| **बाढी** | २०७८ | सीमार पुल उत्गडी मोयल | १ जना बगाएको<br>१३ किलोवाटको जल विद्युत योजनाको पाइप पूर्ण क्षती<br>५०० मिटर अलगअग गरी ५ वटा सिंचाई कुलो क्षती<br>ऐश्वोय प्रा.बि. मा क्षती<br>३ वटा प्लास्टिक टनेलमा क्षती<br>मोयल खा. पा. को मुहानमा क्षती, ५०० मि पाइप क्षती | |
| **पहिरो** | २०७८ | मोयल | ५ वटा कुलो पुरेको<br>३०० मिटर बाटो क्षती<br>१५० मिटर गोरेटो बाटोमा क्षती<br>२ वटा प्लास्टिक टनेल क्षती | |
| **पहिरो** | २०७८ | दहचौर | १०० रोपनी खेतमा क्षती<br>दोगाडे सिंचाई आयोजनाको ३०० कुलो मिटर क्षती | |
| **पहिरो** | २०७८ | कापडा टोल | जमिन भासिएको-५० रोपनी<br>भेरा सिंचाईको ४०० मिटर क्षती<br>३ खा.पा. योजनाको मुहान टंकी र पाइप लाइनमा क्षती | |
| **पहिरो** | २०७८ | डीखला | १ सिंचाई कुलो र खा.पा.योजनामा क्षती<br>१२ नाली जमिन क्षती<br>१ टनेलमा क्षती | |
| **पहिरो** | २०७८ | गोत्राडी | ६० नाली जमिन क्षती | |
| **पहिरो** | कार्तिक २०७८ | ठिङ | घट्टेखोला कुलोको २०० मिटर पूर्ण क्षती | |

| | | | | |
|---|---|---|---|---|
| **पहिरो** | कार्तिक २०७८ | बाजबाटा पारि बैंसा | २० रोपनी जमिन भासिएको | |
| **हावाहुरी** | २५ वैशाख २०७८ | गोत्राडी | १ घरको भान्छाको छानो उडाएको | |
| **खडेरी** | जेठ २०७७ | वडा भरी | गहुँ बाली क्षेती-भोकमरी | |
| **हावाहुरी** | जेठ २०७७ | डीखला | ३ घरको छानो उडाएको | |
| **हावाहुरी** | जेठ २०७७ | गोत्राडी | ३ घरको छानो उडाएको | |
| **महामारी (भाइरल ज्वोरो)** | २०७६ पश्चात प्रत्येक साल ( फाल्गुन चैत्र) | वडा भरी | २०० जना सम्म बिमारी | |
| **पहिरो** | भाद्र२०७५ | ठिङ | ८० रोपनी खेत अन्न सहित नोक्शान सडक निर्माणले गर्दा आएको पहिरोले २ घर पूर्ण क्षती र २ परिवार विस्थापित | |
| **बाढी** | २३ वैशाख २०७५ | डिखला- सात्रोफाल्ने खोला | सरस्वती प्रा.बि.मा क्षती<br>२ पुरुष र ३ महिलाको मृत्यु गरी जम्मा ५ जना | |
| **आगलागी** | माघ २०७४ | डीखला | नन्दराज जोशी को घर जलेर पूर्ण क्षती | |
| **हावाहुरी** | चैत्र २०७४ | वडा भरी | भुवनेश्वोरी प्रा.बि., त्रिभुवन मा. बि. र ऐश्वए प्रा.बि.को छानो उडाएको | |
| **हावाहुरी** | जेठ २०७३ | ठिङ | मन्दिर  शौचालयको छानो उडाएको | |
| **हावाहुरी** | जेठ २०७३ | महेन्द्रधार | मन्दिरको भान्छाघरको छानो उडाएको | |
| **असिना** | वैशाख २०७२ | वडाभरी | बाली नालीमा क्षती | |
| **पशुरोग (खोरेत)** | फाल्गुन २०७१ | वडाभरी | २०० पशु चौपाया मरेको | |
| **भूकम्प** | २०८० | वडाभरी | अधिकांस घर चर्केको | |
| **वडा नं. ५** | | | | |
| **प्रकोप** | **मिति** | **स्थान** | **क्षतिको विवरण** | **प्रतिकार्य अभ्यास** |
| **पहिरो** | २०७३/०५/२७ | खुलमको मुसेरा | १६ नाली खेत बगाएको | |
| **पहिरो** | २०७३/०५/२७ | दुवाली लुहागाड र घट्टे | २० नाली खेत बगाएको | |
| **पहिरो** | २०७४/ ०४/१२ र १३ | दुवाली गाउँ | बस्तीमा ठुलो पहिरो आएको | |
| **पहिरो** | २०७७/०७/१ र २ | दुवाली औला टाला | पाखो जमिन र जसु माडुको मन्दिर समेत क्षति भएको | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| **भूकम्प** | २०८० | वडाभरी | अधिकांस घर चर्केको | |
| | | **वडा नं. ६** | | |
| **प्रकोप** | **मिति** | **स्थान** | **क्षतिको विवरण** | **प्रतिकार्य अभ्यास** |
| **पहिरो** | २०७२ साल पश्चात | | १० वटा सिचाई कुलो पूर्ण रुपमा क्षति | |
| **पहिरो** | २०७२ साल पश्चात | | ६०० नाली भन्दा वढी क्षति | |
| **भुकम्प** | २०७९ | | ३ वटा पूर्ण क्षति आंसिक क्षति | |
| **आगलागी** | नखुलेको | | ६ वटा घरमा क्षती | |
| **भूकम्प** | २०८० | वडाभरी | अधिकांस घर चर्केको | |
| | | **वडा नं. ७** | | |
| **प्रकोप** | **मिति** | **स्थान** | **क्षतिको विवरण** | **प्रतिकार्य अभ्यास** |
| भूकम्प | २०७९/०९/२२ | | भवानी माविको ४ कोठे भवनमा क्षती | |
| | २०७९/०९/२२ | | मनिराम पाध्या र देवीराम पाध्याको घरमा क्षती | |
| | २०७९/०९/२२ | | ७ नम्बर वडाको वडा भवन क्षती | |
| बाढी | २०७९/०४/१८ | | देबकी पाध्याको खेत बगाएको | |
| पहिरो | २०७९/०४/१८ | | नवराज भण्डारी, जारु सार्की, नरबहादुर रोकाया र कौसिला सुनारको घर आँगनमा क्षति | |
| भूकम्प | २०७९/०७/२२ | | इन्द्रा ओखेडाको घर भत्केको | |
| भूकम्प | २०७९/०७/२२ | वडा भरि | किसनलाल उपाध्याय, गंगाराम उपाध्याय, गजेन्द्र राज उपाध्याय, किसन लाल पाण्डे, केशव भण्डारी, देव सार्की, गंगा सार्की, कालेमान सार्की, टीका भण्डारी, तिलहरी सार्की, हँसा सार्की, अमृता सार्की, केलमती देवी जैशी, लोकेन्द्र सुनार र जंगे सार्कीको घर क्षती | |
| हावाहुरी | २०७८ | | बिरजित रोकाया, कमल रोकाया र हंसु रोकायाको घरको छानो उडाएको | |
| पहिरो/बाढी | २०७८ | | केशवराज उपाध्याय, देवराज पाध्या, कृष्णराज पाध्याको बगर खेत बगाएको | |

| | | | | |
|---|---|---|---|---|
| बाढी | २०७८ | | हिरा ओखेडा र धन बहादुर रोकायाको स्यालदुला खेत बगाएको | |
| **भूकम्प** | २०८० | वडाभरी | अधिकांस घर चर्केको | |
| **वडा नं. ८** | | | | |
| **प्रकोप** | **मिति** | **स्थान** | **क्षतिको विवरण** | **प्रतिकार्य अभ्यास** |
| **भूकम्प** | २०७२<br><br>२०७९ कार्तिक २३ | वडा भरि<br><br>वडा भरि | अधिकांस घर चर्केको / २ वटा गोठ र १ चार भत्केको<br><br>अधिकाङ्स घरहरुमा सामान्य क्षेति, ४ वटा घरमा पूर्ण रुपमा क्षेति | |
| **बाढी /पहिरो** | २०७२ असार<br><br>२०७७ असार साउन<br><br>२०७८ | देवस्थली, गण्डाउला, प्रतिगाउँ, बिष्खेत, डाँडागाउँ, कोइरालाकोट, खडितोला<br><br>वडा भरि<br><br>पण्डितगाउँ | २५० नाली खेतमा क्षती/कुलोहरुमा क्षती<br><br>धान बाली, फलफुल बाली नोक्सान, कुलो बगाएको<br><br>३० नाली जमिन भासिएको, ३ घरमा क्षेति | |
| **असिना/हुरीबतास** | २०७३ असोज<br><br>२०७३ साउन<br><br>२०७३ साउन | वडा भरि | २५०० नालीमा लगाएको गहुँमा क्षती,<br>३०० क्यन्टल आलु क्षेत खडेरीले बर्ना सुकेको<br>सन्तुला, कागति तथा अन्य फलफुलमा क्षति | |
| **हिमपात** | २०७५ पौष | वडा भरि | फलफूल तथा बालीमा क्षती | |
| **बन्यजन्तु आतङ्क** | २०७७ असार साउन | वडा भरि | बाँदर, दुम्सि, बँदेलबाट आतङ्क, आलु खेति, कोदो, मकै नोक्सान | |
| **आगलागी** | २०७७<br><br>२०७७ | | धनलालको घरमा आगलागि, २ गोरु, २ भैसि, १ गाइको मृत्यू<br>बिजयराज जोशीको घरमा आगलागी, खाद्य सामाग्री र लत्ता कपडा जलेर नष्ट | |

| | | | | |
|---|---|---|---|---|
| **महामारी** | २०७७ | देवस्थली | कोभिड १९ ले प्रयागराज जोशीको मृत्यु | |
| **भूकम्प** | २०७९/८० | वडाभरी | अधिकांस घर चर्केको | |
| **भूकम्प** | २०८० | वडाभरी | अधिकांस घर चर्केको | |

| **वडा नं ९** | | | | |
|---|---|---|---|---|
| **प्रकोप** | **मिति** | **स्थान** | **क्षतिको विवरण** | **प्रतिकार्य अभ्यास** |
| **भूकम्प** | २२ कार्तिक २०७९ | वडा ९ भरि | सिरेटा कुलाकाट्ने लामाडाडा खानी टोलमा १६ घर पूर्ण रूपमा क्षति बाँकी वडा भित्र बिभिन्न टोलका सम्पूर्ण घर सामान्य देखि आंशिकरुपमा क्षति कोशेडीखोलाको खानेपानि ट्यांकी पूर्णरूपमा क्षति | |
| **भूकम्प** | ९ पौष २०७९ | वडा ९ भरि | थप घरहरु चर्किएको | |
| **बाढी** | २०७९ | सेला बगर | सेती नदीले २० रोपनी खेतीयोग्य जमिन बाली सहित कटान गरेको खैराडी ढिक सिंचाई कुलो १५० मि कटान झारखेत सिंचाई कुलो १५० मि कटान जडारी गाड दोस्रो ल ज बि आयोजना ५२ किलोवाट पूण रुपमा क्ष्यती बिधुत नहर ३५० मि पूर्ण रुपमा क्ष्यती | |
| **बाढी** | २०७९ | आमबगर र अफलाबगर | सेती नदीले १५ रोपनी खेतीयोग्य जमिन बाली सहित काटन जडारीगाड मालुमेला सिंचाई कुलो पूर्ण रूपमा क्षति | |
| **बाढी** | २०७९ | मालुमेला | सेती नदीले २० रोपनी खेतीयोग्य जमिन बाली सहित काटन | |
| **बाढी** | २०७९ | झ्याबगर र सिन्या बगर | सेती नदीले २० रोपनी खेतीयोग्य जमिन बाली सहित काटन मालुमेला झ्याबगर सिंचाई कुलो पूर्णरुपमा क्षति | |
| **बाढी** | २०७९ | खानी बगर र छालागडा | सेती नदीले १० रोपनी खेतीयोग्य जमिन बाली सहित काटन | |

| | | | | |
|---|---|---|---|---|
| **बाढी** | २०७९ | लिस्ताडा | सेती नदीले १० रोपनी खेतीयोग्य जमिन बाली सहित काटन | |
| **पहिरो** | २०७९ | सेलाबगर | १ घर पूर्ण क्षती<br>५० रोपनी खेतीयोग्य जमिन पुरिएको | |
| **पहिरो** | २०७९ | घट्टेखेत | ५ रोपनी खेतीयोग्य जमिन पुरिएको<br>घट्टेखेत सिंचाई कुलो ३०० मि क्षति<br>टेडी आधारभूत विद्यालयमा आंशिक क्षति | |
| **बन्यजन्तु आतंक** | २०७९ फागुन | अफला | चितुवाले एकै दिन १० वटा बाखा मारेको | |
| **बन्यजन्तु आतंक** | प्रत्येक वर्ष | अफला, चित्रु फकालीर सिरेटा | चितुवाले प्रत्येक वर्ष १५-२० बाखा मर्ने गरेको | |
| **बन्यजन्तु आतंक** | प्रत्येक वर्ष | वडा नं ९ भरि | मृग र बाँदरले बालीनाली मा नोक्सानी | |
| **महामारी** | २०७९ साउन देखि मङ्सिर | वडा नं ९ भरि | भ्यागुत्ते र चर्चरे रोगका कारण १२ चौपाया मरेको | |
| **बाढी** | २०७८ आश्विन ३० देखि कार्तिक ३ | सेला बगर | सेती नदीले २०० रोपनी खेतीयोग्य जमिन बाली सहित कटान गरेको<br>खैराडी ढिक सिंचाई कुलो ३२०० मि कटान | |
| **बाढी** | २०७८ आश्विन ३० देखि कार्तिक ३ | आम्बगर र अफलाबगर | सेती नदीले १५० रोपनी खेतीयोग्य जमिन बाली सहित काटन<br>जडारीगाड मालुमेला सिंचाई कुलो आंशिकरूपमा क्षति | |
| **बाढी** | २०७८ आश्विन ३० देखि कार्तिक ३ | मालुमेला | सेती नदीले १५० रोपनी खेतीयोग्य जमिन बाली सहित काटन | |
| **बाढी** | २०७८ आश्विन ३० देखि कार्तिक ३ | झ्याबगर र सिन्या बगर | सेती नदीले १०० रोपनी खेतीयोग्य जमिन बाली सहित काटन<br>मालुमेला झ्याबगर सिंचाई कुलो पूण रुपमा क्षति | |
| **बाढी** | २०७८ आश्विन ३० देखि कार्तिक ३ | खानी बगर र छालागडा | सेती नदीले १०० रोपनी खेतीयोग्य जमिन बाली सहित काटन | |
| **बाढी** | २०७८ आश्विन ३० देखि कार्तिक ३ | लिस्ताडा | सेती नदीले १०० रोपनी खेतीयोग्य जमिन बाली सहित काटन | |

| | | | | |
|---|---|---|---|---|
| **आगलागी** | २०७८ बैशाख | राउली | १ घर आंशिक क्षति | |
| | | सिरेटा | १ गोठ पूर्ण क्षति<br>३ बाख्रा मरेको | |
| **हावाहुरी** | २०७८ बैशाख | सिरेटा | १ रूख ढलेर २ चौपाया मरेको, ४ घर पूर्ण रूपमा क्षति र १ व्यक्तिमा सामान्य चोट | |
| **हावाहुरी** | २०७८ बैशाख | मालुमेला र अन्य | चक्रेश्वर मा वि, पूर्णचन्द्रेश्वोर मा वि र भवानी आधारभूत विद्यालयको छाना उडाएको | |
| **भिरबाट लडेर मृत्यु** | २०७८ | हुडीखोला भिर | १ जना को मृत्यु | |
| **असिना** | २०७८ | सिरेटा | २०० रोपनी गहुँबालीमा आंशिक क्षति | |
| **पहिरो** | २०७८ | घट्टेखोला पहिरो | झ्यामबगर — झुम्रीखोला सिंचाई कुलो २०० मिटर पुरेको | |
| **बाढी** | २०७७ | सेला बगर | सेती नदीले १० रोपनी खेतीयोग्य जमिन बाली सहित  कटान गरेको | |
| **बाढी** | २०७७ | आम्बगर र अफ्लाबगर | सेती नदीले ७ रोपनी खेतीयोग्य जमिन बाली सहित काटन | |
| **बाढी** | २०७७ | मालुमेला | सेती नदीले ५ रोपनी खेतीयोग्य जमिन बाली सहित काटन | |
| **बाढी** | २०७७ | झ्याबगर र सिन्या बगर | सेती नदीले १२ रोपनी खेतीयोग्य जमिन बाली सहित काटन | |
| **बाढी** | २०७७ | खानी बगर र छालागडा | सेती नदीले १० रोपनी खेतीयोग्य जमिन बाली सहित काटन | |
| **बाढी** | २०७७ | लिस्ताडा | सेती नदीले ८ रोपनी खेतीयोग्य जमिन बाली सहित काटन | |
| **पहिरो** | २०७७ | काला पहिरो | २५०० लि क्षमताको कुला काट्न्या खानेपानी ट्यांकी पूर्णरुपमा क्षति | |
| **पहिरो** | २०७७ | डोप्याल पहिरो | २५०० लि क्षमताको काजि खानेपानी ट्यांकी पूर्णरुपमा क्षति<br>खानी सिंचाई कुलोको ३०० मिटर पुरेको | |
| **असिना** | २०७६ बैशाख | वडा नं ९ भरि | गहुँबालि पाक्ने बेलामा आएको असिनाले पूर्ण क्षति | |
| **महामारी** | २०७६ | सिरेटा | COVID-19 का कारण १ व्यक्तिको मृत्यु | |

| | | | | |
|---|---|---|---|---|
| **बाढी** | २०७५ | सेला बगर, आम्बगर, अफ्लाबगर, मालुमेला, झ्याबगर, सिन्या बगर, खानी बगर छालागडा र लिस्ताडा | २०० रोपनी खेतीयोग्य जमिन बालि सहित कटान | |
| **पहिरो** | २०७५ | गडथोला | २ घरधुरी मा आंशिक क्षति र परिवार विस्थापित<br>१० रोपनी खेतीयोग्य जमिन पुरिएको | |
| | २०७५ | रिठ्ठाखोला पहिरो | २०० रोपनी खेतीयोग्य जमिन पुरेको<br>जराडीगाड — मालुमेला सिंचाई कुलो ५०० मि पुरेको<br>खोलामारा — मालुमेला सिंचाई कुलो ५० मि पुरेको | |
| | २०७५ | गैरामेला पहिरो | २०० रोपनी खेतीयोग्य जमिन पुरेको<br>जराडीगाड — मालुमेला सिंचाई कुलो २०० मि पुरेको<br>खोलामारा — मालुमेला सिंचाई कुलो २५ मि पुरेको | |
| | २०७५ | छडिखोला | २० रोपनी खेतीयोग्य जमिन बिउ सहित पुरेको<br>छाडाखोला — घट्टेखेत सिंचाई कुलो ४०० मिटर पुरेको<br>रावली — बाँसखोला सिंचाई कुलो ५०० मिटर पुरेको | |
| **बाढी** | २०७४ | सेला बगर, आम्बगर, अफ्लाबगर, मालुमेला, झ्याबगर, सिन्या बगर, खानी बगर छालागडा र लिस्ताडा | १०० रोपनी खेतीयोग्य जमिन बालि सहित कटान | |
| **डडेलो** | २०७४ बैशाख | मास्टापाटन सामुदायिक बन | औद्योगिक प्रयोजनका लागि संकलन गरिएको २० लाख बराबरको सल्लाको खोटो जलेर नष्ट | |
| **बाढी** | २०७३ | केसरीखोला | घट्टेखेत सिंचाई कुलोको ३०० मिटर बगाएको | |
| **पहिरो** | २०७३ | आमबगर | २ घर पूर्ण क्षती<br>६ घर आंशिक क्षती | |

| | | | | |
|---|---|---|---|---|
| | २०७३ | मालुमेला | खोलामारा सिंचाई कुलो ५० मिटर क्षति<br>३० रोपनी खेतीयोग्य जमिन पुरिएको | |
| | २०७३ | सिरेटा | बाँझपाठ पहिरोले सिराटा सिंचाई कुलोको २५० मि पुरेको | |
| **आगलागी** | २०७३ असार | सिरेटा | १ घरमा आंशिक क्षति | |
| **बाढी** | २०७२ | सेला बगर, आमबगर, अफलाबगर, मालुमेला, झ्याबगर, सिन्या बगर, खानी बगर छालागडा र लिस्ताडा | २० रोपनी खेतीयोग्य जमिन बालि सहित कटान | |
| **बाढी** | २०७१ | सेला बगर, आमबगर, अफलाबगर, मालुमेला, झ्याबगर, सिन्या बगर, खानी बगर छालागडा र लिस्ताडा | २५ रोपनी खेतीयोग्य जमिन बालि सहित कटान | |
| **बाढी** | २०६९ | सेला बगर, आमबगर, अफलाबगर, मालुमेला, झ्याबगर, सिन्या बगर, खानी बगर छालागडा र लिस्ताडा | २० रोपनी खेतीयोग्य जमिन बालि सहित कटान | |
| **बाढी** | २०५७ जेष्ठ २५, २६, २७ | सेती तटीय बस्तीहरु | मानव बस्ति भएको बालुवाटार पूर्ण रूपमा बगरमा परिणत , ४० घर बगेको र परिवार पूर्ण रूपमा विस्थापित<br>१६० पशु चौपाया बगाएको<br>६०० रोपनी खेत धानको बिउ तथा भर्खर रोपेको धान सहित बगाएको | |
| **भूकम्प** | २०७९/८० | वडाभरी | अधिकांस घर चर्केको | |
| **भूकम्प** | २०७८० | वडाभरी | अधिकांस घर चर्केको | |

*स्रोत: थलारा गाउँपालिकाको प्रकोप संकटासन्नता तथा जोखिम लेखाजोखा, २०७९*

यस गाउँपालिमाकामा विगत १० वर्ष (२०६९ सालभन्दा पछि) घटेका विभिन्न प्रकारका प्रकोपका घटनाहरु तथा तिनले गरेको क्षतिको विवरणको विश्लेषण गर्दा बर्षेनी ३० वटा भन्दा बढी प्रकोप (बाढी तथा पहिरो) का घटना घटेको देखिन्छ भने बन्यजन्तु आक्रमणका घटना वर्षेनि ३ देखि ५ वटा सम्म हुने गरेका छन् । जसमा मुख्यगरी बाँदर, बंदेल र दुम्सीले पुर्याउने कृषि बालीको क्षति सम्म पर्दछन् ।

### *२.२.२ गाउँपालिकाको प्रमुख प्रकोप तथा प्रकोप स्तरीकरण*

थलारा गाउँपालिकाको विद्यमान प्रमुख प्रकोपहरूमा भूकम्प, बाढी, पहिरो, खडेरी, असिना, आगलागी, हावाहुरी, चट्याङ्ग, महामारी रहेका छन्। यस गाउँपालिकाको विपद् जोखिम प्रोफाइल तयार गरिएको छैन र गाउँपालिका क्षेत्रभित्र घटेका विपद्को घटनाको व्यवस्थित तथ्याङ्क राख्ने गरिएको छैन यद्यपि स्थानीय बासिन्दासँगको छलफल, गाउँपालिका स्तरमा गरिएको छलफल, गृह मन्त्रालयको विपद् पोर्टलमा उपलब्ध भएका तथ्याङ्क तथा सूचनाहरुको आधारमा यस गाउँपालिकाको प्रकोप स्तरीकरण गरिएको छ ।

| स्तरीकरण | प्रमुख प्रकोपहरु |
|---|---|
| १ | भूकम्प |
| २ | पहिरो |
| ३ | बाढी |
| ४ | खडेरी |
| ५ | असिना |
| ६ | आगलागी |
| ७ | हावाहुरी |
| ८ | चट्याङ |
| ९ | महामारी |

## २.३ सामाजिक सङ्कटासन्नता विश्लेषण




२०७२ सालको भूकम्पमा मृत्यु भएको जनसङ्ख्याको ४५ प्रतिशत पुरूष र ५५ प्रतिशत महिलाको सङ्ख्या रहेको थियो। यसप्रकार एउटै विपद्को घटनाबाट पनि फरक सामाजिक समूह र उमेर समूहका मानिसलाई फरक किसिमले प्रभाव र असर पर्दछ । अपाङ्गता भएका व्यक्तिहरू, बालबालिकाहरू, किशोरीहरु, बृद्धबृद्धाहरू, दीर्घरोगी तथा गर्भवती र शिशुलाई दुध खुवाउँदै गरेका आमाहरु अन्यको तुलनामा विपद्को उच्च जोखिममा हुने गर्दछन् । यस गाउँपालिकामा १६४९ जनसंख्या ४ वर्ष मुनिको छ । ४,१२६ जनसङ्ख्या १० देखि १९ वर्षका किशोर किशोरीको रहेको छ । १,०४६ जनसङ्ख्या ६० वर्ष माथिको छ । अपाङ्गता भएको जनसङ्ख्या २.३ प्रतिशत रहेको छ। वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, बालबालिका, किशोरी, गर्भवती तथा दुध खुवाउने आमा उमेर वा स्वास्थ्य एवम् शारिरिक संवेदनशीलताका कारण विपद् एवम् महामारीजन्य प्रकोपको बढी जोखिममा हुन्छन् । विपद् न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य सञ्चालन र मानवीय सहायताका लागि

काम गर्दा यस प्रकारका जोखिममा रहेका समुहहरूको फरक आवश्यकता र उनीहरुको संरक्षणलाई प्राथमिकतामा राखेर सम्बोधन गर्नुपर्दछ ।

## २.४ प्रकोप सङ्कटासन्नता तथा जोखिम विश्लेषण

यस थलारा गाउँपालिकाका विभिन्न स्थानमा घटेका विपद्का घटना र त्यसको असर साथै स्थानीय निकायको मौजुदा अवस्था, श्रोत साधन र जनशक्ति सबैलाई आधार मान्ने हो भने यो गाउँपालिका भूकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, वन्यजन्तु आतंक, खडेरी आदि जस्ता बहुप्रकोपको उच्च जोखिममा छ । तसर्थ यस गाउँपालिकाले सम्भाभित प्रकोपको आकलनलाई निरन्तर पुनरावलोकन गर्दै योजना निर्माण तथा लागु गर्न ध्यान दिनु आवश्यक छ ।

तालिका नं २.६: थलारा गाउँपालिकाको विपद् जोखिम विश्लेषण

| प्रकोप | संकटासन्नता | सम्मुखता | बारम्बारता | प्रभाव | जोखिम |
|---|---|---|---|---|---|
| **भूकम्प** | • नेपालको पश्चिमी क्षेत्र भूकम्पको उच्च जोखिममा रहेको<br>• यस गाउँपालिकाको भवन तथा भौतिक पूर्वाधार संरचनाहरू कमजोर रहेको<br>• धेरै जनसङ्ख्याको अर्धपक्की एवं कच्ची घरमा बसोबास रहेको (९३.६%)<br>• वृद्धवृद्धा, बालबालिका, अपांगता भएको जनसङ्ख्या | उच्च | मध्यम | उच्च | उच्च |
| **पहिरो** | • भिरालो जमिन<br>• पहिरोको जोखिमयुक्त ठाउँमा बसेको बस्ती<br>• जलवायु परिवर्तनको असर<br>• विकास निर्माणका कामले बढाएको जोखिम<br>• वृद्धवृद्धा बालबालिका अपांगता भएको जनसङ्ख्या | उच्च | उच्च | मध्यम | उच्च |
| **बाढी** | • खोला किनारमा बसेको बस्ती<br>• जलवायु परिवर्तनको असर<br>• विकास निर्माणका कामले बढाएको जोखिम<br>• वृद्धवृद्धा बालबालिका अपांगता भएको जनसङ्ख्या<br>• संरचना तथा घरहरु बाढी प्रतिरोधि नभएको | मध्यम | उच्च | उच्च | उच्च |
| **आगलागी** | • संरचनागत जोखिम तथा लापरवाही<br>• बढ्दै गएको सुख्खा मौसम<br>• सामाजिक आर्थिक संकटासन्नता<br>• जनचेतनाको कमजोर अवस्था | उच्च | मध्यम | उच्च | मध्यम |

| | | | | | |
|---|---|---|---|---|---|
| **वन्यजन्तु आतंक** | • सामुदायिक वनमा वन्यजन्तुको आहारा कम तथा<br>• खप्तड राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्र<br>• | उच्च | उच्च | मध्यम | उच्च |
| **कोभिड-१९ तथा अन्य महामारी** | • संक्रमण दर उच्च रहेको<br>• कमजोर स्वास्थ्य पूर्वाधार र तयारी<br>• सावधानीका उपायहरूको कमजोर पालना<br>• कमजोर जनचेतनाको स्तर<br>• सामाजिक आर्थिक संकटासन्नता<br>• उच्च जोखिम समूहमा रहेको जनसङ्ख्या | उच्च | मध्यम | उच्च | उच्च |
| **हावाहुरी** | • जलवायुमा आएको परिवर्तन<br>• कमजोर सामाजिक आर्थिक अवस्था<br>• कमजोर घर तथा भवनहरू<br>• जनचेतनाको स्तर | मध्यम | मध्यम | उच्च | मध्यम |
| **खडेरी** | • जलवायुमा आएको परिवर्तन<br>• कमजोर सामाजिक आर्थिक अवस्था<br>• सिंचाईको कम पहुँच | मध्यम | मध्यम | मध्यम | मध्यम |

*स्रोतः थलारा गाउँपालिकाको प्रकोप संकटासन्नता तथा जोखिम लेखाजोखा, २०७९*

## २.५ सम्भावित प्रकोप क्षेत्र एवं विपद् जोखिम आकलन

थलारा गाउँपालिकाको बहुप्रकोपको अवस्थालाई हेर्दा भूकम्प, पहिरो, बाढी र वन्यजन्तु आक्रमणको उच्च जोखिम देखिन्छ । गाउँपालिकाको सङ्कटासन्नता तथा क्षमता विश्लेषणबाट प्रत्येक वर्ष दोहोरिरहने पहिरो र बाढी लगायतका प्रकोपबाट बर्षेनी कम्तिमा ५० भन्दा धेरै घरधुरी प्रभावित भएको देखिएको छ भने २३५ जनसङ्ख्यालाई प्रत्यक्ष प्रभाव पर्न सक्ने देखिएको छ । अन्य आगलागी, चट्याङ लगायतको प्रभाव यो भन्दा थोरै छ । तर नेपालको पश्चिमी क्षेत्रमा नै ठूलो भूकम्प जान सक्ने अनुमान गरिएको अवस्थामा भूकम्पको प्रभाव यो भन्दा धेरै व्यापक हुनसक्छ, भने कोभिडजस्ता महामारीजन्य विपद्को प्रभाव अझ धेरै विस्तार हुनसक्ने देखिन्छ । विपद्बाट यस गाउँपालिकाको १०० घरधुरी प्रभावित हुनसक्ने आकलनको आधारमा यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ । बहु प्रकोपको जोखिममा रहेकोले भूकम्प, बाढी र पहिरो जस्ता बहुप्रकोप सँगै भएको खण्डमा यसको प्रभाव र यसबाट हुने क्षति भयावह हुनसक्छ । यसकारण पूर्वतयारी योजना तयार गर्दा यो परिदृष्यलाई ख्याल गरिएको छ भने प्रतिकार्यका क्रममा उक्त संवेदनशील समूहमा रहेको जनसङ्ख्यालाई प्राथमिकतामा राखेर उनीहरूको विशेष आवश्यकता र संरक्षणको प्रवन्ध गर्नुपर्दछ र विषयगत क्षेत्रको पूर्वतयारी पनि यसै अनुरुप गर्नुपर्दछ ।

बाढी, पहिरो तथा भूकम्प जस्ता विपद्को अवस्थामा सडकहरू अवरुद्ध हुन्छन् । विद्युत र सञ्चार संरचनाहरूमा क्षति भएर सेवा अवरूद्ध हुन पुग्छ । खोज उद्धारका लागि सूचना आदान प्रदानमा समस्या हुन्छ । सडक अवरूद्ध हुँदा घाइतेहरूको उद्धार र उपचारमा समस्या हुनका साथै मानवीय सहायता सामग्रीहरू प्रभावित समुदायसम्म पुऱ्याउन र सहायताकर्मीहरू त्यहाँ पुग्न नसक्ने अवस्था आउँछ । भूकम्पको समयमा घरहरू ध्वस्त हुन्छन । भूकम्प, बाढी

तथा पहिरोको समयमा ठूलो जनसङ्ख्या विस्थापित हुने हुँदा बसोबासको प्रवन्ध गर्नुपर्ने हुन्छ । महामारीजन्य विपद् छिटो फैलनुका साथै मानव स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने हुँदा दैनिक जनजीवन नराम्ररी प्रभावित हुन पुग्छ । यस्तो परिस्थितिमा सकेसम्म तत्काल र प्रभावकारी रूपमा संकट व्यवस्थापन तथा मानवीय सहायतामा जुट्नु, संक्रमित एवम् घाइतेहरूको तत्काल उद्धार गरी जीवन रक्षाको लागि उपचारको प्रवन्ध गर्नु, प्रभावित तथा विस्थापितहरूलाई मानवीय सहायता उपलब्ध गराउनु र जनजीवन क्रमशः सामान्य अवस्थामा ल्याउन पहल गर्नु गाउँपालिकाको प्राथमिक दायित्व हो । यसको लागि पर्याप्त पूर्वतयारीको जरूरत पर्दछ ।

प्रकोपको सम्मुखतामा रहेका भौतिक क्षेत्रहरु

| वडा तथा टोलहरु | भौतिक सम्पत्तिहरु | प्राकृतिक सम्पत्तिहरु | आर्थिक क्षेत्रहरु | मानिसहरु |
|---|---|---|---|---|
| | | | | |
| २कफकाँडा<br>डोरगाँउ<br>दंगाजी<br>काप्र<br>तलीगाँउ<br>बेराडी<br>बगडा<br>काडा | मालिका मन्दिर<br>करबिर आ.बि<br>गाँउ बस्ती खापरदेब बिद्यालय | सामुदायिक बन<br>खनेपानीका मुहान | | वडाका २५ जना अपांगता भएका तथा जेष्ठ नागरिकहरु |
| ३ कुच<br>बपल<br>ीदपिल<br>मडासैन<br>धामीगाँउ<br>जम्बानी<br>देवलबाँझ | सामुदायिक भवनहरु बिद्यालय भवनहरु, मन्दिर तथा धार्मिक आस्थाका भवनहरु समुदायमा रहेका निजी घरहरु | सामुदायिक वन<br>पीउनेपानीका प्राकृतिक स्रोतहरु<br>सिचाई कुलो | | |
| वडा नं ४ मोयल, डिखला, | बिद्यालय भवन, झुलुङ्गेपुल, खानोपानी, वाढिका कारण | पानीको मुहान, वन जंगल वन - आगलागी बाट वाढी पहिरो | ब्यबसायिक तरकारी खेती (बाढी तथा सुख्खा खडेरी ) | ४ जना अपांगता भएका ब्यक्ति |

| | | | | |
|---|---|---|---|---|
| गडिगाँउ ठिङ | ब्यक्तिगत घरहरु<br>भुकम्पको कारण<br>सिचाइकुलो, सिचाइ पोखरी<br>सेती नदीको किनारमा रहेका वस्ती बाढीबाट<br>लघु जलविधुत वाढिपहिरोका कारण<br>बिद्यालय भवन २,गाउँवस्ती मठमन्दिरग पहिरोका र हावाहुरीका कारण<br>ब्यक्तिगत घरहरु<br>भुकम्पको कारण<br>सिचाइकुलो, खानेपानी<br>बाढीपहिरो बाट | खेतीयोग्य जमिन रोपनी सेती नदीको कटानको कारण | ३ वटा परम्परागत घट्ट बाढी पहिरो | २० जना ६५ बर्ष माथीका जेष्ठ नागरिक<br>९ जना अपांगता भएका ब्यक्ति<br>३० जना ६५ बर्ष माथीका जेष्ठ नागरिक |
| ५ कोटफेरा<br>खेलीबजार<br>बादीटोल<br>हाटगाँउ<br>भिडीगाँउ दुवाली<br>ठाडाढुंगा<br>खुलम | बिद्यालयका भवनहरु ब्यक्तिगत २० घर भुकम्प र हावाहुरी<br>मन्दिर तथा धार्मिक भवनहरु | खर सामुदयिाक वन<br>प्राकृतिक पीउने पानीका मुहानहरु | | |
| ६ | वडा कार्यालय तथा स्वास्थ्य संस्थाको भवन, | उम्रा गागडा नदी कटान | मडि बगर, उम्राचौर, गडडाला,सडिलज्युला ऐरानी सिचाई कुला | |

| | | | | |
|---|---|---|---|---|
| | झनाना पिखेतको पक्की पुल<br>कृष्ण प्रा.बि तराटीको बस्ती, गुर्जेबस्ती डुंगेश्वर आ.बि | | बड्डी सिचाई कुलो गुर्कै खानेपानी पहिरो | |
| | | | | |
| वडा नं ८डिसी डाडा खडीतोला<br>गाउउला<br>जैसिगाउ<br>बिस्खेत<br>डाडागाँउ<br>कोइरालकोट<br>देवस्थली<br>पण्डितगाँउ<br>डग्री | डाडागाँउ मन्दिर<br>नउलो<br>खनेपानी<br>सिचाईकुला<br>शैलेश्वरी आ.बि<br>शैलेश्वरी मन्दिर<br>सिचाई कुलो<br>डाडाबाग आ.बि<br>धर्मिक तथा सामुदायिक भवनहरु | मष्टा सामुदायिक वन | नरायनी बाखा पालन फर्म<br>सिर्जना पोल्टि फर्म | |
| ९ अफला<br>आमबगर<br>मालुमेला<br>फकाली<br>चित्रु<br>सिरेटा<br>कुलाकाट्ने<br>खानी | बिद्यालय भवन<br>साझा भवन<br>मन्दिर तथा धार्मिक भवनहरु<br>व्यक्तिगत घरहरु | सिचाई कुलो<br>पानीका स्रोतहरु<br>वन जंगल | | |

## २.६ गाउँपालिकाको क्षमता विश्लेषण

थलारा गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन निर्माण भैसकेको छ । पछिल्लो स्थानीय निर्वाचनपछि स्थानीय विपद् व्यवस्थापन समिति पुनर्गठन भइसकेको छ । स्थानीय विपद् व्यवस्थापन समिति अन्तर्गत सात वटा विषयगत क्षेत्र हेर्न अगुवा संस्था तोकी सम्बन्धित विषयगत क्षेत्रको योजना तर्जुमा र समन्वयको जिम्मेवारी प्रदान गरिएको छ । विषयक्षेत्रका सदस्य संस्थाहरूको विवरण अनुसूची - ३ मा संलग्न गरिएको छ ।

विपद्को प्रभावकारी प्रतिकार्य, पर्याप्त पूर्वतयारी र विपद् पछिको परिस्थितिलाई यथाशीघ्र समान्य अवस्थामा फर्काउन तथा विपद् जोखिम न्यूनीकरणका गतिविधिहरू सञ्चालन गर्न आवश्यक पर्ने संस्था, संरचना, नीति, कानून, योजना, पूर्वाधार, भौतिक श्रोत साधन, प्राकृतिक श्रोत, सामाजिक श्रोत, आर्थिक श्रोत र मानवीय श्रोतको विद्यमान अवस्थाको लेखाजोखा र गाउँपालिकाको विपद् प्रतिकार्य क्षमता सुदृढ गर्नको लागि यी आठ वटै क्षेत्रमा गर्नुपर्ने आवश्यकताको विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

तालिका २.९: थलारा गाउँपालिकाको विपद् व्यवस्थापन नीतिगत तथा संस्थागत क्षमता विश्लेषण

| क्षेत्र | अवस्था विश्लेषण | आवश्यकता विश्लेषण |
|---|---|---|
| कानून, नीति, योजना | • गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५,<br>• थलारा गाउँपालिकाको वातावरण संरक्षण ऐन, २०७७<br>• थलारा गाउँपालिकाको वातावरण संरक्षण नियमावली, २०७६<br>• थलारा गाउँपालिकाको जलश्रोत नियमावली २०७६<br>• थलारा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइ ऐन, २०७५<br>• गाउँपालिकाको आपतकालीन कार्य सञ्चालन केन्द्र सञ्चालन नभएको<br>• गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बन्ने क्रममा रहेको । | • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति रणनीतिक कार्ययोजना बनाउनुपर्ने<br>• जोखिम सूचूचित क्षेत्रगत विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने<br>• बिस्तृत रूपमा गाउँपालिकाको प्रकोप, संकटासन्नता तथा क्षमता लेखाजोखा गर्नुपर्ने<br>• गाउँपालिकाको बहुप्रकोप एवं भूकम्पीय जोखिम नक्शाङ्कन गर्नु पर्ने<br>• आपत्कालीन प्रयोजनका लागि गाउँपालिकाको खुला स्थानहरु पहिचान नक्शाङ्कन एवं संरक्षण गर्नु पर्ने<br>• गाउँपालिकाले जोखिम संवेदनशील भूउपयोग योजना तयार गरी जमिनको वर्गीकरण गरेर विकास निर्माणको कार्य गर्नु पर्ने । |

| | | |
|---|---|---|
| संस्था तथा संरचना | • स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको<br>• वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन भएको<br>• विपद् व्यवस्थापन सम्पर्क व्यक्ति तोकिएको<br>• स्थानीय आपत्कालीन कार्य संचालन केन्द्र स्थापना नभएको | • खोज उद्धार, प्राथमिक उपचार, विपद् लेखाजोखा कार्यादल गठन गर्नुपर्ने<br>• स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना र कार्य संचालन कार्यविधि पनि तयार गर्नु पर्ने<br>• जनप्रतिनिधि र कर्मचारीलाई विपद् व्यवस्थापन सम्बन्धी अभिमुखीकरण दिनुपर्ने |
| सूचना व्यवस्थापन तथा पूर्व सूचना प्रणाली | • गाउँपालिकाको विपद् सूचना व्यवस्थित रूपमा नराखिएको<br>• आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना नभएकोले विपद् सूचना व्यवस्थापन तथा विपद् सञ्चार सम्बन्धी कुनै पद्धति तयार नभएको | • स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र सञ्चालन गरी विपद् सम्बन्धी सूचना सङ्कलन व्यवस्थापन र विपद् सञ्चार प्रकृयालाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने<br>• संघीय सरकारले सञ्चालन गरेको विपद् व्यवस्थापन प्रणाली विपद् पोर्टल (bipadportal) लाई स्थानीयकरण गरी सञ्चालन एवं जिल्ला, प्रदेश र राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रसँग नेटवर्किङ गर्नुपर्ने |
| पूर्वाधार तथा भौतिक श्रोत साधन | • गाउँपालिकाका सबै वडामा सडक पुगेको तर वर्षातको समयमा सञ्चालन गर्न नसकिने<br>• सबै वडामा विद्युत नपुगेको<br>• सबै वडामा खानेपानी पुगेको तर सबै घरधुरीमा खानेपानी पहुँच नपुगेको<br>• सबै घरधुरीमा सरसफाइ सुविधा नपुगेको<br>• विद्यालय भवनहरु भूकम्पीय हिसाबले जोखिमयुक्त रहेका<br>• स्वास्थ्य चौकी — ५<br>• बर्थिङ सेन्टर-४ | • आपत्कालीन आश्रयस्थल बनाउन सकिने सामुदायिक भवन तथा खुला ठाउँमा सडक खानेपानी र सरसफाइ पूर्वाधार निर्माण गर्नुपर्ने<br>• सबै वडामा आपत्कालीन प्रयोजनका लागि खुला क्षेत्रको पहिचान र पहिचान गरिएका ठाउँहरूमा आवश्यक पूर्वाधार तयार गर्नुपर्ने<br>• सबै वडामा आपत्कालीन प्रयोजनका लागि एक एक वटा हेलिप्याड निर्माण गर्नुपर्ने<br>• स्वास्थ्य संस्था तथा विद्यालयहरूलाई क्रमश विपद् जोखिमबाट सुरक्षित भूकम्प प्रतिरोधी बनाउँदै जानुपर्ने<br>• पुराना तथा जिर्ण स्वास्थ्य चौकि तथा विद्यालयहरु मूल्याङ्कन गरेर रेट्रोफिटिङ्ग गर्नु पर्ने<br>• प्रत्येक वडामा सामान्य खोज उद्धारका सामग्रीहरूको सेट तयारी राख्नुपर्ने |
| प्राकृतिक श्रोत | • खेतीयोग्य जमिनः  वर्ग किमी<br>• वनक्षेत्रः वर्ग किमी<br>• नदीनाला — १० मुख्य  सेती नदि सहित र प्राकृतिक स्रोतको (वालुवा तथा ढुङ्गा उत्खनन् गर्ने गरेको) | • पानीका मुहान ताल पोखरी र वन क्षेत्रको संरक्षण गर्नुपर्ने<br>• आपत्कालीन आश्रयस्थल बनाउन सकिने खुला ठाउँको पहिचान गरी सडक खानेपानी र सरसफाई पूर्वाधारहरूको तयारी गर्नुपर्ने |

| | | |
|---|---|---|
| | | • दिगो उत्खननको निम्ति नियमित अनुगमन तथा गाउँपालिकाले घाटगद्दिको व्यवस्था गर्नु पर्ने |
| सामाजिक श्रोत | | • नीति तथा प्रक्रिया तय गरी सामाजिक संघ संस्थाहरु तथा तीनीहरुका स्रोत साधन एवं क्षमतालाई विपद् पूर्वतयारी तथा प्रतिकार्यमा परिचालन गर्नुपर्ने |
| आर्थिक श्रोत | • बैंक – १<br>• विपद् कोष — १<br>• सहकारी संस्था — ५ | • नीति तथा प्रक्रिया तय गरी आर्थिक क्षेत्रलाई विपद् जोखिम न्यूनीकरणमा लगानी गर्ने र श्रोत परिचालन गर्नुपर्ने<br>• सहकारी संस्था तथा बचत समूहले आफ्ना सदस्यहरूका लागि आपत्कालीन सहायता कोषको प्रवन्ध गर्नुपर्ने<br>• बीमा कम्पनीहरूसँग समन्वय गरी विपद् बीमाको शुरूवात तथा प्रवर्धन गर्नुपर्ने |
| मानवीय श्रोत | • प्राथमिक उपचारक  जना : सूची कृत नभएको<br>• स्वास्थ्य जनशक्ति (विभिन्न तहका) - ३० जना<br>• उद्धार तथा सुरक्षा कर्मी जना-२९ (नेपाल प्रहरी)<br>• भूकम्प प्रतिरोधी घर बनाउन सक्ने मिस्त्री - ३६<br>• अस्थायी आवास निर्माण गर्न सक्ने -४००<br>• विपद् सम्बन्धी तालिम दिनसक्ने - गाउँपालिका संग तथ्याङ्क  नभएको | • गाउँपालिकामा रहेको जनशक्तिलाई संगठित रूपमा विपद् प्रतिकार्य र पूर्वतयारीमा परिचालनको लागि तयारी गर्नुपर्ने<br>• भूकम्प प्रतिरोधी घर बनाउन सक्ने जनशक्तिलाई संगठित गरी क्षमता अभिवृद्धि गर्ने<br>• वडा तहमा विपद् प्रतिकार्य टोली तयार गरी तालिम दिएर प्रथम सामुदायिक उद्धारक (First Community Responder) तयार गर्नुपर्ने<br>• वडा तहमा स्वास्थ्य संस्थासँग समन्वय गरी प्राथमिक उपचार टोली तयार गर्नुपर्ने<br>• विपद् लेखाजोखा गर्नसक्ने जनशक्ति वडा तहमा तयार गर्ने |
| खुल्ला स्थानहरु | वडा नं १<br>•<br>वडा नं २<br>• वगडा पातीहाल्ने<br>• कफकाँडा<br>• दंगाजी<br>वडा नं ३<br>• नवरत्न मा.बि कुचको मैदान<br>• कालिका नि.मा.बि र वडा कार्यालय<br>• शान्ती मा.बि पाराकाट्ने | • आधारभूत सुबिधाहरुको ब्यबस्था गर्ने (पीउने पानी, शौचालय)<br>• समुदायका मानिसहरुलाई जानकारी दिने<br>• पूर्बसुचना प्रणाली लाई ब्यबस्थित गर्ने<br>• आपतकालिन कार्यसञ्चालन केन्द्रलाई ब्यबर्सथित गर्ने र कार्यन्वयणमा ल्याउने |

| | | |
|---|---|---|
| | •<br>वडा नं ४<br>• मोयल<br>• डिखला<br>• ठिग<br>• गडीगाँउ<br>• वडा नं ५<br>• थलरा मा.बि<br>• थलरा क्याम्पस<br>• वडा नं ६<br>• वडा नं ७<br>• वडा नं ८<br>वडा नं ९<br>• चक्रेश्वर मा.बि को खुल्ला चौर<br>• अफला साँझा भवनको चौर<br>• | |

*स्रोत: थलारा गाउँपालिकाको प्रकोप संकटासन्नता तथा जोखिम लेखाजोखा, २०७९*

## २.७ विषयगत क्षेत्रहरु तथा कार्य जिम्मेवारी

सरकारी, सार्वजनिक तथा नीजि क्षेत्रको स्रोत साधन तथा सम्बन्धित क्षेत्रको विज्ञतालाई समेत समन्वयात्मक रूपमा परिचालन गरी विपद् प्रतिकार्य तथा पूर्वतयारीलाई प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय स्तरमा विषयगत क्षेत्र (Cluster) को अभ्यास हुँदै आएको छ । राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७५ ले पनि विपद् प्रतिकार्यका लागि ११ वटा केन्द्रीय विषयगत क्षेत्र (Central Cluster) निर्धारण गरेको छ । यसैगरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० ले राखेको संघ, प्रदेश र स्थानीय तहसम्म क्षेत्रगत कार्य समूहको अवधारणा (Cluster Approach) को आधारमा विपद् प्रतिकार्य र पूर्वतयारीलाई प्रभावकारी बनाउने रणनीति क्रियाकलाप राखेको छ । यस सन्दर्भमा थलारा गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि स्थानीय आवश्यकता र गाउँपालिकाको संस्थागत संरचना अनुसार सातवटा विषयगत क्षेत्र निर्धारण गरिएको छ । उक्त विषयगत क्षेत्रको गठन र कार्य जिम्मेवारी देहाय बमोजिम रहको छ ।

तालिका २.१०: थलारा गाउँपालिकाको आपत्कालीन विषयगत क्षेत्र र यसको नेतृत्व

| क्रसं | विषयगत क्षेत्र | नेतृत्व |
|---|---|---|
| १. | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार | अध्यक्ष – विपद् व्यवस्थापन समिति |
| २. | खाद्य कृषि तथा जोविकोपार्जन | संयोजक - वातावरण तथा विपद् व्यवस्थापन समिति |

| | | |
|---|---|---|
| ३. | स्वास्थ्य, खानेपानी सरसफाइ तथा स्वच्छता प्रवर्द्धन | संयोजक - सामाजिक विकास समिति |
| ४. | आपत्कालीन आश्रय तथा गैर खाद्य सामग्री | संयोजक - वातावरण तथा विपद् व्यवस्थापन समिति |
| ५. | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र | संयोजक - सामाजिक विकास समिति |
| ६. | आपत्कालीन शिक्षा विषयगत क्षेत्र | संयोजक - सामाजिक विकास समिति |
| ७. | शिघ्र पुनर्लाभ विषयगत क्षेत्र | संयोजक - पूर्वाधार विकास समिति |

### *२.७.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार विषयगत क्षेत्र*

गाउँपालिका क्षेत्रमा कुनै पनि विपद्को घटना वा स्वास्थ्य संकटको स्थिति हुनासाथ तत्काल प्रतिकार्यमा जुटेर मानवीय जीवन रक्षा तथा सम्पत्तिको सुरक्षा गरी जनजीवन सामान्य अवस्थामा ल्याउनु पर्ने हुन्छ । यसका लागि गाउँपालिका विपद् व्यवस्थापन समितिको अध्यक्षको हैसियतले विपद् प्रतिकार्यको सम्पूर्ण नेतृत्व गाउँपालिका प्रमुखले गर्नुपर्दछ । विपद्को परिस्थितिमा एकातिर अन्य विषयगत क्षेत्रका साथै गाउँपालिका मातहतका स्रोत साधन र सबै संयन्त्रहरू प्रतिकार्यका लागि परिचालन गर्नुपर्दछ । विपद्को प्रभाव अनुसार बाह्य सहयोगको लागि गाउँपालिकाभित्र र बाहिर, जिल्ला, प्रदेश तथा केन्द्रीय निकायहरूसम्म समन्वय गर्नुपर्दछ । विपद् पूर्वतयारीका लागि सरोकारवाला निकायहरूसँग निरन्तर समन्वय र सहकार्य गर्ने तथा विपद्को समयमा विपद् प्रभावित समुदायमा तुरून्त खोज उद्धार, प्राथमिक उपचार र राहत वितरणको लागि समन्वय गर्ने, विपद् प्रभावितहरूको पहिचान गरी परिचयपत्र उपलब्ध गराउने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन (वा हस्तान्तरण) को प्रवन्ध मिलाउने र यसको लागि समयमै आवश्यक पूर्वतयारी गर्ने समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना तर्जुमा गर्न विपद्सँग सम्बन्धित र अन्य सामाजिक आर्थिक तथ्याङ्कको आवश्यकता पर्दछ । अझ विपद् पश्चात खोज उद्धार राहत र प्रतिकार्यका कामहरू अघि बढाउन विपद्को सामान्य तथा विषयगत क्षतिको तथ्याङ्क आवश्यक पर्दछ । यस विषयगत क्षेत्रले विपद्को क्षति तथा नोक्सानीको लेखाजोखा गर्ने यी सूचनाहरूलाई व्यवस्थापन गर्ने र विषयगत क्षेत्रका विवरणहरू सम्बन्धित क्षेत्रलाई उपलब्ध गराई पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनमा सहयोग गर्दछ । वडा स्तरीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय र स्थानीय सुरक्षा निकायसँग समन्वय गरेर प्रारम्भिक द्रुत लेखाजोखा गरी तत्काल विपद्को क्षतिको सूचना संकलन गर्ने संयन्त्र विकास गर्ने । क्षतिको प्रारम्भिक लेखाजोखा तथा क्षेत्रगत आवश्यकता लेखाजोखा गर्न गृह मन्त्रालयले तयार गरेको विपद् लेखाजोखा मार्गदर्शनको आधारमा आवश्यक फारम तयार गर्ने र तालिम दिई जनशक्ति तयार गर्ने । क्षतिको लेखाजोखाको आधारमा प्रभावितहरूको वर्गीकरण गरी परिचयपत्र उपलब्ध गराउन स्थानीय विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने । विपद्का सूचनाहरू गाउँपालिका आपत्कालीन कार्य सञ्चालन केन्द्रमा व्वस्थापन गर्ने र निर्धारित प्रक्रिया बमोजिम जिल्ला, प्रदेश तथा केन्द्रीय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा पठाउने यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो ।

यस विषयगत क्षेत्रको नेतृत्व गाउँपालिका प्रमुखले गर्दछन् । गाउँपालिकामा रहेका सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी निजी क्षेत्रका प्रतिनिधि र अन्य सबै विषय क्षेत्रका संयोजकहरू यसमा सदस्य रहन्छन् । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले यस विषयगत क्षेत्रको सदस्य सचिवको रूपमा काम गर्दछन् । सबै स्थानीय सुरक्षा निकायका प्रतिनिधिहरू, नेपाल रेडक्रस सोसाइटी लगायत विपद् लेखाजोखा क्षेत्रमा अनुभव भएका र स्वयम् सेवक परिचानल गर्ने क्षमता भएका स्थानीय संघ संस्थाहरू यस विषयगत क्षेत्रमा सदस्यका रूपमा रहन्छन् ।

### *२.७.२ खाद्य तथा कृषि जीविकोपार्जन विषयगत क्षेत्र*

गाउँपालिका क्षेत्रमा कुनै पनि विपद्को घटना वा स्वास्थ्य संकटको स्थिति हुनासाथ त्यसबाट विस्थापित तथा प्रभावितहरूलाई तत्काल खानेकुरा उपलब्ध गराउने, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, खानेकुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने तथा कृषि क्षेत्रको पुनर्स्थापन तथा पुनर्लाभ योजना बनाइ कार्यान्वयन गर्ने जिम्मेवारी निर्वाह गर्नेछ । यस विषयगत क्षेत्रको नेतृत्व वन वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजनकले गर्दछन् भने कृषि विकास अधिकृत सदस्य सचिवको रूपमा रहन्छन् ।

### *२.७.३ स्वास्थ्य , खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र*

विपद्को समयमा खोज उद्धार कार्यसँगै घाइतेहरूको जीवन रक्षाको लागि प्राथमिक उपचार सेवा आवश्यक पर्दछ । त्यसपछि गम्भीर प्रकृतिका घाइतेहरूको लागि थप उपचारको प्रवन्ध गर्नु पर्दछ । प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थलमा स्वास्थ्य सेवालाई निरन्तरता दिनु पर्ने हुन्छ । महामारीजन्य विपद् तथा स्वास्थ्य संकटको समयमा रोकथाम तथा व्यवस्थापनमा स्वास्थ्य क्षेत्रको प्रमुख भूमिका हुन्छ । विपद् प्रभावित समुदायका बालबालिका, बृद्धबृद्धा, गर्भवती तथा दुध खुवाउने आमाहरूको लागि थप पोषणयुक्त खानाको आवश्यकता पर्दछ । गाउँपालिकाको स्वास्थ्य संरचना र क्षमताको परिचालन गरी प्राथमिक उपचार, स्वास्थ्य सेवा, न्यनतम तथा बृहत प्रजन स्वास्थ्य सेवा तथा परिवार नियोजन सेवा, लैंगिक तथा यौन हिंसाको स्वास्थ्य प्रतिकार्य र पोषणको प्रवन्ध गर्नु यस विषयगत क्षेत्रको प्रमुख जिम्मेवारी हो । साथै यस विषयगत क्षेत्रले कोभिड-१९ जस्ता महाव्याधीको संक्रमण, स्वास्थ्य संकटको रोकथाम, नियन्त्रण र व्यवस्थापनको कार्य समेत गर्नेछ ।

विपद् पश्चात प्रभावित समुदायमा खानेपानी तथा सरसफाइका पूर्वाधारहरूमा क्षति पुग्छ । विस्थापितहरूले आश्रय लिएको आश्रयस्थलमा खानेपानी र सरसफाइको उचित र पर्याप्त प्रवन्ध गर्नु पर्दछ । विपद्पछि सरसफाइ र स्वच्छताको उचित प्रवन्ध नभएमा विभिन्न महामारी फैलिन सक्छ । विपद् प्रभावितहरूको लागि स्वच्छ र पर्याप्त खानेपानी तथा सरसरफाइको प्रवन्ध गर्नु, विपद् प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थल वा क्वारेन्टिन र आइसोलेसन केन्द्रहरुमा खानेपानी एवम् सरसफाइको प्रवन्ध तथा स्वच्छता प्रवर्धन गर्नु, प्रभावितहरूको लागि मापदण्ड अनुसारको सरसफाइ तथा स्वच्छता प्रवर्धनका सामग्रीहरूको सुनिश्चिता गर्नु, विपद्जन्य घटनाबाट

सिर्जना भएका फोहोरहरू सरसफाइ गर्नु, मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्नु, व्यक्तिगत सरसफाइको लागि स्वस्थता सम्बन्धी सरसामानहरू (जस्तैः हाईजिन किट, पियुष, क्लोरिन, डस्टविन, आदि) उपलब्ध गराउनु, विपद्बाट क्षति भएका खानेपानी तथा सरसफाइका पूर्वाधारहरू पुनर्स्थापना गर्न सहयोग गर्नु यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । यस विषयगत क्षेत्रको नेतृत्व गाउँपालिकाको सामाजिक विकास समितिको संयोजकले गर्दछन् भने गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव रहन्छन् । गाउँपालिकामा रहेका स्वास्थ्य संस्था तथा अस्पतालहरू र स्वास्थ्य तथा पोषण र सरसफाइको क्षेत्रमा काम गर्ने सबै संस्थाका प्रतिनिधिहरु यस विषयगत क्षेत्रको सदस्यको रूपमा रहन्छन् ।

### *२.७.४ आपत्कालीन आश्रय तथा गैर खाद्य सामग्री एवं बन्दोबस्ती विषयगत क्षेत्र*

गाउँपालिका क्षेत्रमा कुनै पनि विपद्को घटना वा स्वास्थ्य संकटको स्थिति हुनासाथ त्यसबाट विस्थापित तथा प्रभावित भएकाहरुलाई बस्नको लागि आश्रयस्थल प्रवन्ध मिलाउने, ओढ्ने ओछ्याउने लगायतका गैर खाद्य सामग्री एवम् लगाउने कपडाको प्रवन्ध गर्ने । महामारीजन्य स्वास्थ्य संकटको समयमा क्वारेन्टिन एवम् आइसोलेसन केन्द्रको व्यवस्थापन गर्ने, खोज उद्धार, राहत एवम् स्वास्थ्य सामग्रीहरूको खरिद तथा भण्डारण एवम् ढुवानीको प्रवन्ध गर्ने, विपद् लेखाजोखा लगायतका कामको लागि आवश्यक बन्दोबस्ती मिलाउने यस विषय क्षेत्रको मुख्य जिम्मेवारी हो । यस विषयगत क्षेत्रको नेतृत्व वन वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजनकले गर्दछन् भने विपद् व्यवस्थापन सम्पर्क अधिकृत सदस्य सचिवको रूपमा रहन्छन् ।

### *२.७.५ संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र*

विपद्को घटना पछि परिवारहरू विस्थापित हुन्छन् । कतिपय बालबालिकाले अविभावक गुमाउँछन् । यस्तो अवस्थामा महिला, बालबालिका, अपांगता भएका व्यक्तिहरु तथा लैंगिक अल्पसंख्यकमाथि हिंसाको जोखिम बढ्छ । संरक्षण तथा सुरक्षा विषयगत क्षेत्रले विपद्को समयमा महिला, किशोरी, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूको आवश्यकता बमोजिमका सरसामानहरू जस्तैः सेनेटरी प्याड, डिग्निटि किट, किसोरी किट अस्थाई (वाल/ महिला मैत्री) शौचालयको व्यवस्थापन, खेलकुदका सामान आदि उपलब्ध गराउने, लैंगिक हिंसा रोकथाम र व्यवस्थापन, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरू, लैंगिक हिंसा प्रभावितहरु लाई लाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ । गाउँपालिकाको सामाजिक विकास समितिको संयोजकले यस विषयगत क्षेत्रको नेतृत्व गर्दछन् भने महिला, बालबालिका, तथा ज्यष्ठ नागरिक शाखा प्रमुख सदस्य सचिव रहन्छन् । गाउँपालिकामा रहेका संरक्षण तथा सुरक्षा क्षेत्रमा काम गर्ने सबै संस्थाका प्रतिनिधिहरू यस विषयगत क्षेत्रको सदस्य रहन्छन् ।

### २.७.६ आपत्कालीन शिक्षा विषयगत क्षेत्र

विपद्को घटना पछि परिवारहरू विस्थापित हुन्छन् । कतिपय बालबालिकाले अविभावक गुमाउँछन् । थलारा गाउँपालिकामा धेरै विद्यालयहरू भूकम्प, पहिरो, आगलागी, चट्याङ् जस्ता प्रकोपको जोखिममा छन् र विगतमा पनि प्रभावित हुँदै आइरहेका छन् । कोभिड-१९ को महामारीको कारण लामो समयसम्म विद्यालयहरू बन्द भए । विद्यालयहरू क्षति भएमा वा भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने अवस्था नभएमा तत्काल शैक्षिक निरन्तरताको लागि वैकल्पिक व्यवस्था गर्ने र सामान्य अवस्थामा यसको लागि पूर्वतयारी तथा सुरक्षित विद्यालय कार्यढाँचालाई कार्यान्वयन गर्न सहयोग गर्ने, वैकल्पिक सिकाई निरन्तरताको लागि उपयुक्त ठाउँको पहिचान गरी आवश्यक सामग्रीहरूको तयारी गर्ने, सुरक्षित सिकाईको वातावरण तयार गरी शैक्षिक गतिविधिहरूलाई निरन्तरता दिने, शिक्षा क्षेत्रको क्षति र आवश्यकताको लेखाजोखा गरी पुनर्स्थापन र पुनर्निर्माणमा सहयोग गर्ने र विद्यालय मार्फत विपद् सुरक्षा सम्बन्धी चेतना समुदायमा विस्तार गर्न सहयोग गर्ने यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । गाउँपालिकाको सामाजिक विकास समितिको संयोजकले यस विषयगत क्षेत्रको नेतृत्व गर्दछन् भने शिक्षा शाखा प्रमुख सदस्य सचिव रहन्छन् । गाउँपालिकामा शिक्षा क्षेत्रमा काम गर्ने सबै संस्थाका प्रतिनिधिहरू यस विषयगत क्षेत्रको सदस्य रहन्छन् ।

### २.७.७ शीघ्र पुनर्लाभ विषयगत क्षेत्र

यस विषयगत क्षेत्रले विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन, स्वास्थ्य संस्था) तत्काल सुचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने, सामाजिक आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाई जनजीवनलाई सामान्य बनाउने जिम्मेवारी निर्वाह गर्दछ । विपद् पश्चात विस्थापितहरूलाई तत्काल अस्थायी आश्रयस्थल व्यवस्थापन गर्न तथा आवास, खानेपानी, सरसफाई लगायतका अस्थायी पूर्वाधार तयार गर्न सहयोग गर्दछ । त्यसैगरी पुनर्स्थापनाको चरणमा स्थायी संरचनाहरू पुनर्निर्माण नहुँदासम्मको लागि अस्थायी संरचना तथा पूर्वाधार तयार गर्ने काम गर्दछ । आपत्कालीन अवस्थामा पूर्वाधार क्षति भएर आवतजावत अवरूद्ध भएमा सेवा सुचारू गर्नका लागि तत्काल अस्थायी पूर्वाधार तयार गर्ने । प्रभावित समुदायसम्म राहत तथा प्रतिकार्यको पहुँच सहज बनाउन तत्काल अस्थायी पूर्वाधारहरूको विकास गर्ने । गाउँपालिकाले पूर्वाधार निर्माण गर्दा मापदण्ड बमोजिम र विपद् सुरक्षित भएको सुनिश्चित गर्ने । आपत्कालीन प्रयोजनका लागि अस्थायी आश्रयस्थल, त्यसमा आवश्यक खानेपानी तथा सरसफाईका पूर्वाधारहरू तयार तथा अत्यावश्यक स्वास्थ्य, प्रजनन स्वास्थ्य तथा मनोविमर्श सेवा सुनिश्चित गर्ने । विपद्बाट क्षति भएका संरचनाहरूको पुननिर्माण गर्दा बहुप्रकोपको जोखिमबाट सुरक्षित र स्तरीय मापदण्ड अनुसार भएको सुनिश्चित गर्ने । विपद्को प्रकृति र प्रभाव हेरी यस विषयगत क्षेत्रको काम विपद्को तत्कालको अवस्थादेखि पुनर्निर्माणको काम नसकिंदासम्म चल्न सक्छ र विपद् व्यवस्थापनका चारबटै चरणमा काम गर्नुपर्ने हुन्छ । यस विषयगत क्षेत्रको नेतृत्व पूर्वाधार विकास समितिको संयोजकले गर्दछन् भने पूर्वाधार विकास शाखा प्रमुख यसको सदस्य सचिवको रूपमा रहन्छन् ।

# परिच्छेद ३: पूर्वतयारी तथा प्रतिकार्य योजना

## ३.१ सामान्य पूर्वतयारी योजना

विपद्को स्थितिमा प्रतिकार्य गतिविधिहरू समयमै कार्यान्वयन गर्न संस्थागत क्षमता लेखाजोखा गरी सोको तयारी आवधिक रूपमा अद्यावधिक गर्न जरुरी हुन्छ । सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुमा विपद्का घटना अगावै प्राय सबै प्रकारका विपद्का लागि गर्नुपर्ने जोखिम न्यूनीकरण, पूर्वतयारी र विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन, यन्त्र, उपकरण तथा औजार, सीप विकास, औषधि तथा अत्यावश्यक सामग्रीहरुको पूर्वभण्डारण, जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता क्रियाकलापहरु समावेश गरिएका छन् । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नु पनि विपद् पूर्वतयारी कार्य नै हो । विपद् प्रतिकार्यका कार्यहरूलाई प्रभावकारी बनाउन विषय क्षेत्रगत रूपमा सामान्य पूर्वतयारीको कार्ययोजना देहाय बमोजिम हुने गरी तर्जुमा गरिएको छ ।

### *३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १. | गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति तथा रणनीतिक कार्ययोजना तयार गरी लागू गर्ने | २०८१ भित्र | गाउँपालिका | १ | स्थानीय विपद् व्यवस्थापन समिति |
| २. | गाउँपालिकामा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी सञ्चालन गर्ने | २०८१ भित्र | गाउँपालिका | १ | स्थानीय विपद् व्यवस्थापन समिति |
| ३. | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा सञ्चार एवम् खोज उद्धार तथा प्राथमिक उपचार सामग्रीको प्रवन्ध गर्ने | २०८१ भित्र | गाउँपालिका | आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति |
| ४. | गाउँपालिकाका सबै वडामा समुदायमा आधारित खोज उद्धार कार्यदल गठन गरेर आवश्यक तालिम गर्ने | २०८१ भित्र | गाउँपालिका | ९ | स्थानीय विपद् व्यवस्थापन समिति |
| ५. | जिल्ला, प्रदेश र केन्द्रीय तहसँग समन्वय हुने गरी विपद् जोखिम न्यूनीकरण पोर्टल सञ्चालन गर्ने | २०८१ भित्र | गाउँपालिका | | स्थानीय विपद् व्यवस्थापन समिति |
| ६. | विपद्को क्षति/नोक्सानी मूल्याङ्कनको लागि विपद् लेखाजोखा टोलीलाई प्रारम्भिक द्रुत लेखाजोखा (IRA- Initial Rapid Assessment) तालिम दिने | प्रत्येक वर्ष जेठ भित्र | गाउँपालिका | गाउँपालिका स्तरमा १ र वडामा १/१ | गाउँपालिका र वडा स्तरीय विपद् व्यवस्थापन समिति |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| ७. | राहत वितरणका लागि सिफारिस फाराम लगायतका कागजात तयारी तथा अद्यावधिक गर्ने | प्रत्येक वर्ष बैशाख भित्र | गाउँपालिका | १०० प्रति | स्थानीय विपद् व्यवस्थापन समिति |
| ८. | वडामा खोज तथा उद्धार सामग्रीहरू खरिद, भण्डारण, तथा मर्मत गरी तयारी अवस्थामा राख्ने | नियमित | गाउँपालिका | हरेक वडामा एक सेट | स्थानीय विपद् व्यवस्थापन समिति |
| ९. | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू र एम्बुलेन्सहरूको सूची र सम्पर्क व्यक्तिको विवरण तयार गर्ने | नियमित | गाउँपालिका | सबै वडामा | विपद् व्यवस्थापन शाखा, स्वास्थ्य शाखा |
| १०. | आपत्कालीन अस्थायी आश्रयस्थलको लागि खुल्ला क्षेत्र पहिचान एवं नक्शांकन गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने | तत्काल सुरु गरी निरन्तर | आवश्यकता अनुसार | प्रत्येक वडामा | स्थानीय विपद् व्यवस्थापन समिति,<br>वडा कार्यालय |
| ११. | आपत्कालीन अवस्थामा आश्रय स्थलका रूपमा प्रयोग गर्ने स्थानको लागि चाहिने भौतिक पूर्वाधार र सेवाहरू निर्माण र विस्तार गर्ने | तत्काल सुरु गरी निरन्तर | आवश्यकता अनुसार | प्रत्येक वडामा कम्तिमा १ | पूर्वाधार विकास शाखा, वडा विपद् व्यवस्थापन समिति, |
| १२. | प्रत्येक वडामा आपत्कालीन आश्रयस्थल तथा क्वारेन्टिन / आइसोलेसन सेन्टरमा प्रयोग गर्न सकिने सुरक्षित सामुदायिक भवनको पहिचान गर्ने | नियमित | वडा स्तरमा | प्रत्येक वडामा कम्तिमा १ | पूर्वाधार विकास शाखा, वडा विपद् व्यवस्थापन समिति, |
| १३. | सबै वडामा आपत्कालीन प्रयोजनको लागि हेलीप्याड निर्माण गर्ने | नियमित | प्रत्येक वडामा | ९ वटा | पूर्वाधार विकास शाखा र सम्बन्धित वडा |
| १४. | प्रत्येक सार्वजनिक, सरकारी र व्यावसायिक भवनमा आपत्कालीन निकासी मार्ग (Evacuation Route) र आपत्कालीन भेला हुने स्थान (Assembly Point) छुट्याई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने, गराउने | | सबै सम्बन्धित संस्थाहरु | आवश्यकता अनुसार | सम्बन्धित कार्यालय |
| १५. | बाढी/पहिरो, हावाहुरी, भूकम्प, चट्याङ, आगलागी आदि प्रकोपहरूबाट समुदायमा पर्नसक्ने असर र सोबाट बच्ने उपायहरूका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | एफ.एम, पत्रपत्रिका, माईकिङ् आदि | वर्षमा कम्तिमा २ पटक | स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति, |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १६ | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन प्रकोप (भूकम्प आगलागी र पहिरो) मा आधारित कृत्रिम घटना अभ्यास गर्ने/गराउने | प्रत्येक वर्ष माघ र जेठमा | गाउँपालिका तथा वडामा | प्रमुख प्रकोपको लागि वर्षमा कम्तिमा एक एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति |
| १७. | विपद् जोखिम व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरु, स्थानीय गैर सरकारी संस्थाहरु, स्थायी प्रकृतिका उपभोक्ता समितिहरु र नागरिक संस्थाहरुबीच कार्यविधि बनाई सहकार्यको लागि संयन्त्र तयार गर्ने | २०८१ भित्र | गाउँपालिका क्षेत्र | १ | गाउँपालिका / वडा विपद् व्यवस्थापन समिति |
| १८. | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने | प्रत्येक वर्ष बैशाखसम्म | गाउँपालिका | प्रत्येक वर्ष | स्थानीय विपद् व्यवस्थापन समिति |

### *३.१.२ खाद्य कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्र विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
